*प्रधान सम्पादक*
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
**४२५९११० (संघाराम विहार, ढल्को)**

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५ ९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोन: ४२५ ९४६६**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*प्रमुख व्यवस्थापक*
**विद्यासागर रञ्जित**
फोन: ४२५ ८९५५

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ४२५ ३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७५३७७

*सह-व्यवस्थापक*
**ध्रुवरत्न स्थापित**

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघःटोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५७
नेपाल सम्वत् ११३३
इस्वी सम्वत् २०१३
बिक्रम सम्वत् २०७०

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. १०००/- | |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति
## (बौद्ध मासिक)
# THE DHARMAKIRTI
## A Buddhist Monthly

**18th OCTOBER 2013**

| वर्ष- ३१ | अङ्क- ६ | कतिं पुन्हि | कार्तिक २०७० |
|---|---|---|---|





- जुन कामको फल भोग गर्दा पछुतो गर्नुपर्दैन, चित्त प्रसन्न रहन्छ, सज्जन वर्गले त्यस्तो काम गर्नुपर्दछ ।

- पापको फल भोग गर्न नपरेसम्म मूर्खले आफूले गरेको खराब कामलाई मह जस्तो ठान्दछ,तर पापको फल भोग्नु पर्दा दुःखित हुन्छ ।

- दूध दुहुने वित्तिकै बिग्रंदैन । त्यस्तै पापको फल पनि तुरुन्त आउँदैन । खरानीको आगोले क्रमशः र विस्तारै पोले झैं मूर्खलाई पनि पापको फलले क्रमशः पोल्दै ल्याउँछ ।

- लाभ सत्कार प्राप्त गर्ने बाटो अर्कै, निर्वाण प्राप्त गर्ने बाटो अर्कै, भन्ने तथ्य कुरालाई सम्झेर बुद्ध शासनमा बस्ने भिक्षुले समाजमा लाभ सत्कारको वास्ता नराखी एकान्तवासी हुने चर्या बढाउनुपर्दछ ।

Downloaded from http://www.dhamma.digital

▪ सम्पादकीय ▪

# धर्मदूत रुपी खम्बा गोयन्का गुरु अब रहेनन्

अन्तर्राष्ट्रिय धर्मदूत स्तम्भ नै ढलिएको महशूस हुँदैछ आज । किनभने हामीहरू माझ धर्मदूतको बलियो खम्बाको रुपमा रहनुभएका धर्मगुरु कल्याणमित्र सत्यनारायण गोयन्का दिवंगत हुनुभएको छ। उहाँको रुप हाम्रो माझ त छैन । तैपनि भगवान् बुद्धले भन्नु भएको छ– "रुपं जीरति मच्चानं नाम गोत्तं नजीरति ।" अर्थात्– रुप हाम्रो अगाडि नभएपनि उहाँले छोडेर जानुभएको अमूल्य धर्मको योगदान हामी माझ प्रमाणको रुपमा ज्यूँका त्यूँ छ । सबै अन्तर्राष्ट्रिय ध्यान केन्द्रहरूमा उहाँको रुप सहितको आवाज आज पनि विद्यमान छन्। यही हो उहाँको कीर्ति ।

कल्याण मित्र गोयन्का दूरदर्शी हुनुहुन्छ। किनभने उहाँको विपश्यना ध्यान केन्द्रहरूमा सहायक आचार्यहरू रहेता पनि उत्तराधिकारीहरू छैनन् । उहाँको भिडियो टेप नै उत्तराधिकारीको रुपमा रही कार्य सञ्चालन गरिरहने छ । यसले गर्दा नै गोयन्का गुरु पछि विकृति उत्पन्न हुने सम्भावना छैन। त्यसैले संसार भरका विपश्यना ध्यान केन्द्रहरूमा गोयन्का गुरुले स्थापना गर्नुभएको कीर्तिले परन्तुसम्म विपश्यनाको ठीक मार्ग देखाइरहन सफल हुनेछ ।

उहाँको स्मरणिय गुणहरू मध्ये एक गुण यहाँ उल्लेख गर्न सान्दर्भिक देखिन्छ। सत्यनारायण गोयन्काले आफ्नो नामको अगाडि ध्यानगुरु भनेर कहिले पनि लेख्नु भएन। कल्याण मित्र लेखेर उहाँ ठूलो धर्मदूत बन्नु भएको छ। यस कार्यले उहाँमा '**म ध्यान गुरु हुँ**' भन्ने घमण्ड पटक्कै नरहेको जनाउँछ ।

उहाँले विपश्यना ध्यान सिकाउने क्रममा उहाँप्रति रत्तिभर पनि साम्प्रदायिक भावना नरहेको पनि स्पष्ट बुझिन्छ । त्यसैले उहाँले सबै धर्मावलम्वीहरूको लागि कल्याण मार्ग बनाउनु भएको छ ।

कल्याणमित्र गोयन्का एकपटक श्रीलंका जानुहुँदा उहाँसंग यसरी प्रश्न राखिएको थियो– "तपाईंले कतिजना बौद्ध बनाउनु भयो ?" कल्याण मित्र गोयन्काको उत्तर यसरी रहेको थियो– "मैले एउटा व्यक्तिलाई पनि बौद्ध बनाएको छैन ।"

फेरि प्रश्न उठ्यो– "के को लागि तपाईँले धर्मप्रचार गर्नु भएको ?"

गोयन्काज्यूको उत्तर थियो– "विपश्यना ध्यानद्वारा मानिसलाई असल मानिस बन्ने विधि सिकाउँदै छु ।"

साँच्चै हो भगवान् बुद्धले ४५ वर्ष सम्म धर्मप्रचार गर्नु भएको थियो । यसको प्रमुख उद्देश्य नै मानिसलाई असल मानिस बनाउनु हो ।" सत्यनारायण गोयन्का पनि यसरी नै सही धर्म प्रचारक धर्मदूत बन्न सफल हुनु भएको छ ।

विपश्यना ध्यान अभ्यासले व्यक्ति अन्तरमुखी हुने गर्छ, बहिर्मुखी होइन । मतलब आफूलाई आफैंले चिन्न प्रयत्न गर्छ । चित्त भित्र लुकिराखेको क्लेश, मल र नराम्रो कुसंस्कार पखाल्न कोशिस गर्छ। चित्त शुद्ध भएपछि मानिस असल बन्छ । असल मानिसको मन स्वभावैले मैत्री र करुणाले ओतप्रोत हुन्छ । अनि उक्त पवित्र व्यक्तिको तर्फबाट कुनै प्रकारको अशान्तिपूर्ण व्यवहार हुनेछैन ।

कल्याणमित्र सत्यनारायण गोयन्कामा शुद्ध मैत्री र करुणा छ, यसकारण उहाँ असल ध्यान गुरु बन्न सफल हुनुभयो । उहाँको मैत्री शुद्ध भएकोले उहाँको धर्मप्रचार कार्यमा रत्तिभर पनि साम्प्रदायिक भाव देखिंदैन । त्यही अनुरुप धर्मावलम्बीहरू विपश्यना ध्यानका साधक बन्न सके । धेरै युवा वर्गहरू विपश्यना ध्यान अभ्यास गरेर आफ्नो हृदय परिवर्तन गर्न सफल भएका छन्। फलस्वरुप उनीहरू असल मानिस बने। साम्प्रदायिक भावना नभएको कारणले नै गोयन्का गुरु सही रुपमा कल्याणमित्र ध्यान गुरु बन्नु भयो। उहाँले सिकाइरहनु भएको विपश्यना ध्यान भगवान् बुद्धले देखाउनुभएको मार्ग हो । अतः गोयन्का गुरुले प्रचार गर्नुभएको विपश्यना मार्ग परन्तुसम्म प्रगति र चीरस्थायी रहोस्। धर्मकीर्तिले उहाँप्रति यही श्रद्धाञ्जली व्यक्त गरेको छ ।



Downloaded from http://www.dhamma.digital

# धम्मपद २६५–२६६

✍ प्राज्ञ रीना तुलाधर (बनिया)
*'परियत्ति सद्धम्म कोविद'*

**यस्स पारं अपारं वा – पारापारं न विज्जति**
**वीतद्दरं विसंयुत्तं – तम'हं ब्रूमि ब्राह्मणं**

*ब्राह्मण वर्गः गाथा ३८५*

*अर्थ*– जसको पार अपार यी दुईवटैमै "म" "मेरो" भन्ने भावना हुँदैन, जो भय हीन अनाशक्त हुन्छ, त्यसलाई नै म ब्राह्मण भन्दछु ।

पार (= आँखा, कान, नाक, जीब्रो, शरीर, मन)
अपार (= रुप, शब्द, गन्ध, रस, स्पर्श, धर्म)
पारापार (= म र मेरो)

*घटना*– उपरोक्त गाथा भगवान बुद्धले जेतवन विहारमा बस्नु हुँदा मार देवताको कारणमा भन्नुभएको थियो ।

एकदिन त्यो मार मनुष्यको भेष लिएर भगवान् बुद्ध कहाँ आइपुगे । आएर भगवान् बुद्धसँग प्रश्न गऱ्यो– "भन्ते ! पार-पार भनी तपाई सँधै भनीरहनु हुन्छ । यो पार भनेर केलाई भनिएको हो ?"

भगवान् बुद्धले त्यो मनुष्य भेष लिएर आउने मार हो भनी चिनेर भन्नुभयो– "हे मार ! यी शब्द पार र अपार तिमी जस्ताको लागि मतलबको छैन । यो त वीतराग भइसकेका अरहत व्यक्तिहरू मात्र पुग्न सक्ने स्थान हो ।"

यसरी आज्ञा भएर भगवान् बुद्धले उपरोक्त गाथा भन्नुभयो । त्यहाँ जम्मा हुन आएका धेरै मानिसले यो धर्म देशना सुनी स्रोतापत्ति फल प्राप्त गरे ।

## धम्मपद–२६६

**झायिं विरजमा, सीनं–कतकिच्चं अनासवं**
**उत्तमत्थं अनुप्पत्तं–तम'हं ब्रूमि ब्राह्मणं**

*अर्थ*– जो ध्यानी छ, चित्त मल जसको हटिसकेको छ, एकान्तवासी छ, गर्नुपर्ने कामजति गरिसकेको, आश्रवरहित छ, उत्तमार्थ (=निर्वाण) प्राप्त गरिसकेको छ, त्यसलाई म ब्राह्मण भन्दछु ।

*घटना*– उपरोक्त गाथा भगवान् बुद्धले जेतवन विहारमा बस्नु भएको बेला कुनै एउटा ब्राह्मणको कारणमा भन्नुभएको थियो ।

बुद्धको समयमा एउटा ब्राह्मण थियो । उसले एकदिन विचार गऱ्यो– "भगवान् बुद्धले आफ्ना श्रावक शिष्यहरूलाई ब्राह्मण भनेर सम्बोधन गर्नुहुन्छ । म त भएँ जन्मैले जाती गोत्र ब्राह्मण हुँ । त्यसैले उहाँले मलाई पनि ब्राह्मण पदले सम्बोधन गर्दा योग्य हुन्छ होला ।"

यस्तो सोची उनी भगवान बुद्ध कहाँ पुगेर यही कुरा भन्न गए । भगवान् बुद्धले उनीलाई जवाफ दिनुभयो– म कसैलाई जाती गोत्रको आधारमा मात्र ब्राह्मण भन्दिन । उत्तम अरहत पदमा पुगी सकेकोलाई मात्र म ब्राह्मण भनेर भन्दछु ।"

यसरी आज्ञा भएर भगवान् बुद्धले उपरोक्त गाथा भन्नुभयो । धर्मदेशनाको अन्तमा ती ब्राह्मण स्रोतापति फलमा प्रतिष्ठित हुन पुगे । त्यहाँ जम्मा हुन आएका मानिसलाई पनि धर्म देशना सार्थक भयो । ❖

**धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना २०७० मा**

| मिति | बुद्धपूजा | धर्मदेशना |
|---|---|---|
| भाद्र २८ गते, शुक्रवार | वण्णवती गुरुमां | वीर्यवती गुरुमां |
| आश्विन १ गते, मंगलवार | केशावती गुरुमां | केशावती गुरुमां |
| आश्विन ३ गते, बिहीवार | मणिवती गुरुमां | धम्मवती गुरुमां |
| आश्विन ११ गते, शुक्रवार | पञ्ञावती गुरुमां | भिक्षु कोण्डन्य |
| आश्विन १९ गते, शनिवार | केशावती गुरुमां | केशावती गुरुमां |

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू**

*क्र.सं. ७८९*
**श्रीमती मोहनदेवी चित्रकार**
मैतीदेवी, काठमाडौं
रु. १००५/–

*क्र.सं. ७९०*
**डा. शोभा श्रेष्ठ**
सीता पाइला, काठमाडौं
रु. १०००/–

*क्र.सं. ७९१*
**त्रिलोक्यरत्न तुलाधर**
भोटाहिटी, काठमाडौं
रु. १०००/–



Downloaded from http://www.dhamma.digital

# अग्रपाल राजवैद्य जीवक

✍ सत्यनारायण गोयन्का

राजवैद्य जीवकको जन्म वैशालीकी गणिका शालवतीको कोखबाट भएको थियो । भारतको पुरानो परम्परामा आफ्नो राज्यका सर्वश्रेष्ठ सुन्दरीलाई जनपदकल्याणीको पद दिएर सुखपूर्वक राखिने प्रचलन थियो । यस्ता जनपदकल्याणीहरू राज्यको शोभा मानिन्थे। उनीहरूबाट राज्यको आम्दानी हुन्थ्यो। शालवती वैशालीका प्रसिद्ध गणिका थिइन् । अतः आफ्नो पेशालाई निरन्तरता दिनका लागि आफ्नो कोखबाट जन्मिएका नवजात शिशुलाई टोकरीमा हालेर फोहर फाल्ने ठाउँमा मिल्काई दिइन् ।

महाराज बिम्बिसारका पुत्र, अभय राजकुमार बिहान त्यही बाटो हिंड्दै थिए। फोहोरको थुप्रोबाट बालक रोएको आवाज सुनेर आफ्ना सेवकहरूलाई हेर्न पठाए । फोहरको थुप्रो माझ फालिएको बालक भेट्टाए। बालकलाई कौवाहरूले आक्रमण गरिरहेका थिए । यस्तो अवस्थामा पनि जीवित रहेको कारण उनको नाम जीवक राखियो । अभय राजकुमारले बालकको पालन पोषणको जिम्मा लिए। उनलाई आफ्नो धर्मपुत्र बनाएर राखे। ठूलो भएपछि आफ्ना आमा–बुबा को हुन् थाहा पाउन जीवकले एकपटक अभयकुमारसित प्रश्न गरेका थिए । अभयले उत्तर दिंदै भने बुबा त म नै हुँ तर आमा को हो मलाई थाहा छैन। एउटा मान्यता अनुसार जीवक शालवतीको कोखबाट जन्मिएको अभयको छोरो हो । अभय आफ्नो छोरोलाई गणिकाको छोरो भन्न चाहँदैनथे त्यसैले उनले नाम लुकाएर राखे। अभयलाई साँच्चिकै उनको आमाको नाम थाहा नभएको पनि हुन सक्छ । जे होस् अभयको धर्मपुत्र भएको कारण जीवक महाराज बिम्बिसारको नाति भयो। कुमारको पौष्य पुत्र भएकाले उनलाई कौमारभृत्य भनिने गरियो ।

ठूलो भएपछि उनले देखे राजा बिम्बिसार कहाँ भेट्न आउने अधिकांश व्यक्तिहरू कुनै न कुनै विद्यामा निपुण हुन्थे । गुणहीन व्यक्तिको त्यहाँ कुनै कदर हुँदैनथ्यो । उनलाई पनि कुनै विद्या सिक्ने इच्छा जाग्यो । त्यस समय तक्षशिला विश्वविद्यालय प्रसिद्ध थियो। त्यहाँ अनेक प्रकारका विद्या सिकाइन्थ्यो। जीवक कसैलाई केही नभनी तक्षशिला पुगे । त्यहाँ चिकित्सा विद्याका प्रमुख आचार्यसँग उनको भेट भयो । उनको सामिप्यमा जीवकले चिकित्सा विद्या सिके ।

जीवक बुद्धिमान तथा परिश्रमी थिए । सात वर्षसम्म निष्ठापूर्वक चिकित्सा–शास्त्र अध्ययन गर्नुका साथै व्यवहारिक ज्ञान पनि सिक्दै गए । यसपछि यस विद्याको अन्त्य नहुने देखेर आचार्यसँग बिदा मागे । आचार्यज्यूले आफ्नो शिष्यको जाँच लिंदै भने– एक योजनको क्षेत्रफल भित्र औषधि गर्न उपयुक्त नभएको विरुवा उखालेर ल्याउनु। जीवक सबैतिर घुमे तर त्यस्तो अगुणी विरुवा भेट्टाएन सबै विरूवामा कुनै न कुनै औषधिको गुण थियो । यस उत्तरबाट आचार्य प्रसन्न भए । शिष्यको परिपक्व योग्यता देखेर आचार्य सन्तुष्ट भए । आचार्यलाई गुरूदक्षिणा दिन उसँग केही थिएन, यो कुरा आचार्यलाई थाहा थियो । त्यसैले बाटो खर्च सहित आचार्यले उनलाई बिदा गरे ।

जीवक तक्षशिलाबाट मगध तर्फ लागे तर बाटो खर्च थोरै भएको कारण साकेतसम्म पुग्दा खर्च सिद्धियो । त्यसैले केही दिन त्यहीं रहेर कोही रोगीको उपचार गरेर बाटो खर्च जुटाउने उनले सोचे । नगरमा रोगीहरूको खोजी गर्न थाले। साकेत नगरका सेठानीलाई टाउको दुख्ने बिमारी रहेछ । धेरै वैद्यहरूले उपचार गरिसकेका थिए तर रोग भने निको पार्न सकेका थिएनन् । जीवक त्यहाँ गए र सेठानीको उपचार गर्ने इच्छा व्यक्त गरे। जब द्वारपालले कोही युवा वैद्य उपचार गर्न चाहन्छ भन्ने खबर सेठानीलाई दिए तब उनले मुन्टो फर्काइन्। सात वर्ष पुरानो रोग, अनेक अनुभवी वयोवृद्ध वैद्यहरूले मेहनत गरिसके तर रोग निको भएन यो अनुभवहीन व्यक्तिले के गर्ला ? बेकारमा धन किन खर्च गर्नु ?

द्वारपालले जब यो कुरा जीवकलाई भने तब जीवकले भने– "मलाई रोग निको भएपछि मात्र पैसा दिनु त्यो पनि जति इच्छा छ त्यत्ति मात्र दिए हुन्छ ।"

यस्तो जवाफ सुनेर सेठानीले जीवकलाई भित्र बोलाए। जीवकले रोग जाँचे र औषधि गर्न एक कचौरा घ्यू मागे । घ्यूमा केही औषधि मिसाएर पकाए र सेठानीलाई उत्तानो पारेर सुताई नाकमा घ्यू हाले। नाकमा हालेको घ्यू मुखबाट निस्क्यो । यसरी निस्केको घ्यू फ्यूदानीमा थुके र दासीलाई भने यो घ्यू सजाएर राख्नु, पछि काम लाग्नेछ । *क्रमशः*

*(साभार–अग्रपाल राजवैद्य जीवक, वि.वि. वि, २००९)*



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास (द्वितीय भाग)–१०

✍ के.श्री धम्मानन्द
*अनुवादक*- बरदेश मानन्धर

बुद्धको परिनिर्वाण पछि वहाँको एक शिष्यले यस्तो भने 'सब नै यहाँबाट जानु पर्छ–जीव भएका सबै सत्वहरूले आफ्नो स्वरूपलाई छोडेर जानु पर्छ । हो, वहाँ जस्तो तथागत-एक अनुपम पुरूष, प्रज्ञा र ज्ञानमा बलवान हुनु भएका पनि परिनिर्वाण (मरण) हुनुपर्छ ।'

**शाकाहारिता**

माछा र मासु खाँदैमा कोही अशुद्ध हुँदैन । अन्धश्रद्धा ईर्ष्या र अरू खराब विचारले नै आफैलाई अशुद्ध बनाउँछ । उसको आफ्नो खराब बिचार र कार्यद्धारा नै उसलाई दुषित पार्छ । बुद्ध धर्ममा बुद्धका अनुयायीहरूले माछा मासु खानै हुँदैन भन्ने त्यस्तो कडा नियम छैन । बुद्धले त यति नै भन्नु भएको छ कि उनीहरूले कुनै पनि जीवलाई चेतना सहित मार्नु हुँदैन वा आफ्नो लागि अरू कसैलाई मार्न लगाउनु हुँदैन । तापनि शाकाहारी भई मासु नखानेहरू अवश्य पनि प्रशंसनीय छन् ।

भिक्षुहरूलाई आफ्नै रक्षाको लागि कुनै परिस्थितिमा मासु नखान बुद्धले भन्नु भएको छ ।

स्मशान भूमिमा ध्यान गर्ने भिक्षुहरूलाई मनुष्यहरूले दुःख नदेओस् भनेर मासु नखाने सल्लाह दिनु भएको छ । जङ्गलमा ध्यान गर्ने भिक्षुहरूलाई पनि बुद्धले दश प्रकारको मासु खान हुँदैन भनेर भन्नु भएको छ । यस शिक्षाको कारण मासुको गन्धले गर्दा जनावर हरूले आक्रमण गर्न सक्छ भन्ने हो ।

कुनै कुनै देशमा महायानीहरू शुद्ध शाकाहारी हुन्छन् । धर्मको लागि गरिएको यस नियम पालनाको सराहना गर्दै हामी यो स्पष्ट पार्न चाहन्छौं कि शाकाहारी नभएकाहरूलाई आलोचना गर्ने उनीहरूको कार्य ठीक छैन । उनीहरूले यो पनि सम्झनु पर्छ कि बुद्धको मौलिक उपदेशमा सबै बौद्धहरूले शाकाहारी नै हुनु पर्ने त्यस्तो कुनै शील छैन । धर्मलाई मध्यम मार्ग पनि भनिन्छ भनेर हामीले बुझ्नु पर्छ– उहाँको शिक्षा पालना गर्नु कुनै पनि अन्त(ह्द) सम्म जानु पर्दैन भनेर बुद्ध भन्नु हुन्छ । अर्कोतिर यदि शाकाहारी नभएकाहरू मासु माछा नखाइकन उनीहरू स्वस्थ हुन नै सक्दैन भनेर सोच्छन् । भने यो पनि सही नै हुनु पर्छ भन्ने छैन किन भने विश्वमा लाखौं शुद्ध शाकाहारीहरू छन् जो मासु-माछा खानेहरू भन्दा पनि स्वस्थ र बलिया छन् । बुद्ध धर्म एक स्वतन्त्र धर्म भएको हुनाले बुद्ध आफ्ना अनुयायीहरूलाई शाकाहारी वा मांसाहारी नै हुनु पर्छ भन्ने कर लगाउन चाहनु हुन्न । शाकाहारी हुँदैमा उसको मानवीय गुणको विकास हुन्छ भन्न सकिन्न । किनभने शाकाहारीहरू मध्येमा पनि दुष्ट र निर्दयी व्यक्तिहरू छन् जवकि मांशाहारी मध्यमा पनि दयालु, नम्र व्यक्तिहरू छन् । त्यसकारण कसैले पनि यसलाई जोड दिनु हुँदैन कि एउटा सच्चा, धार्मिक व्यक्ति शाकाहारी नै हुनु पर्छ ।

**धर्मको नाममा युद्ध**

बुद्ध धर्मको लागि कुनै पनि युद्ध भएको छैन ।

कुनै पनि बौद्धले आफ्नो धर्मको रक्षाको लागि पनि कुनै प्रकारको आक्रमण गर्नु हुँदैन । उसले कुनै पनि प्रकारको अप्रिय घटना हुन नदिनको लागि प्रयास गर्नु पर्छ । कहिले काँहि बुद्धको शिक्षा नमान्नेहरूले उसलाई लडाईमा जानको लागि बाध्य तुल्याउँछ । यस स्थितिमा ऊ त्यसको लागि जिम्मेवार ठहर्दैन । तापनि यदि सबैले बुद्धका सल्लाहलाई मानेको खण्डमा यस विश्वमा लडाई हुने कुनै कारण नै हुने थिएन । आफ्नै बन्धुहरूलाई मारिने लडाई हुन नदिन, कुनै पनि विवादको शान्तिपूर्ण समाधानको लागि सबै संभव बाटो एवं उपाय निकाल्नु नै मान्छेको कर्तव्य हुन आउँछ । बुद्धले आफ्ना अनुयायीहरूलाई कुनै पनि प्रकारको खराब दुष्ट व्यक्तिहरूको अगाडि समर्पित हुन भन्नु भएको छैन चाहे त्यो मान्छे अलौकिक पुरुष वा प्रकृति नै किन नहोस् ! शस्त्राकरणको बहुलीपन होडलाई रोक्नै पर्छ । हामीहरूले युद्ध पोतको सट्टा स्कूल, उडने किल्लाको सट्टा घर, सैनिक ब्यारेकको सट्टा फार्म (कृषि), परमाणु हतियारको सट्टा अस्पतालहरू बनाउने प्रयास गर्नुपर्छ । प्रत्येक व्यक्ति एवं राष्ट्रले आ-आफ्नो स्वार्थपूर्ण आकांक्षा नहटाएसम्म जातीय घमण्ड परीत्याग नगरे सम्म र शक्ति एवं सम्पत्तिका लागि गरिने (अनुचित) इच्छालाई अन्त नगरेसम्म विश्वमा शान्ति हुने छैन । सम्पत्तिद्धारा सुख प्राप्त हुन सक्दैन ।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# "बुद्धको जन्म नेपालमा" विलकुल सही जवाफ–२

✍ कुसुम भट्टराई

ब्रिटिस म्युजियममा पनि "बुद्ध भारतमा जन्मिएका हुन्" भन्ने गलत जानकारी लामो समयसम्म रह्यो । सन् २०११ को डिसेम्वर ११ मा ब्रिटिस म्युजियमले त्यो गलत जानकारी हटाएको थियो । विश्व नेपाली साहित्य महासंघलगायतका संघ संस्थाले त्यसको पहल गरेका थिए । बेलायतका लागि पूर्व नेपाली राजदूत मुरारीराज शर्माको संयोजकत्वमा "बुद्ध नेपालमै जन्मिएका हुन्" भन्ने सही तथ्य म्युजियममा राख्न लगाउन कार्यदल गठन गरिएको थियो । हङकङको "बिग बुद्ध" मूर्तिमा पनि बुद्धको जन्मस्थल भारतमा भनेर लेखिएको छ । त्यसैले अहिले हङकङमा रहेको नेपाली पनि त्यसलाई सच्याउन तातेका छन् । उनीहरूले बुद्धमूर्ति अंकित टिसर्टमा "बुद्ध वाज बर्न इन नेपाल" भन्ने नारा लेखी प्रचार गरिरहेका छन् ।

भारतको उत्तर प्रदेश सरकारले करिब एक दशक अघि लुम्बिनी कपिलवस्तु सीमामा जोडिएको बस्ती जिल्लालाई विभाजित गरी सिद्धार्थनगर जिल्ला बनाएको छ । त्यो जिल्लाको सदरमुकामको रूपमा पिपरहवा भन्ने स्थानलाई हाल कपिलवस्तु भन्दै विगत केही वर्षदेखि नक्कली कपिलवस्तुको विकास तीव्र गतिमा गरिरहेको छ । भारतले नेपालस्थित बुद्ध जन्मस्थल लुम्बिनीलाई समेत समेटी "बुद्धिस्ट सर्किट" बनाउने योजना सार्वजनिक गरिसकेको छ । वाराणशीमा हालै सकिएको अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनमा भारतीय पर्यटनमन्त्री सुबोधकान्त सहायले बुद्धिस्ट सर्किटको योजना अघि सारेका थिए । उनको योजना अनुसार बुद्ध– सर्किटमा बोधगया, वाराणसी, सारनाथ, कुशीनगर, पिपरहवा र नेपालको लुम्बिनी समेटिनेछन् ।

नेपाल सरकार भने यस मामिलामा निरीह छ । बरू निजी क्षेत्रवाट रबि लामिछानेले बुद्धको जन्मस्थल नेपाल विश्वमा चिनाउन "अब विश्वले चिन्नेछ नेपाल" भनेर म्याराथन टक सो चलाएर गिनिज वर्ल्ड रेकर्डमा नाम दर्ज गराए । अहिले गायक धीरज राईले संगीत मार्फत "बुद्ध वाज बर्न इन नेपाल" अभियान चलाइरहेका छन् । सन् २०१२ लाई लुम्विनी भ्रमण वर्ष मनाउने क्रममा तत्कालीन सरकारले नेपाली एक सय रूपैयाँको नोटमा "गौतम बुद्धको जन्मस्थल नेपाल" लेख्ने निर्णय गरेको थियो । तत्कालीन अर्थमन्त्री वर्षमान पुनले क्याबिनेटको त्यो निर्णय पत्रकारहरूलाई जानकारी गराएका थिए । अहिलेसम्म यस्तो सन्देश लेखिएको सय रूपैयाँको नोट भने वजारमा आएको छैन ।

*(साभार – 'अन्नपूर्ण' शनिवार, १९ साउन २०७०)*

❖

## बिचाः हायेका

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



**दिवंगत प्रज्ञारत्न वज्राचार्य**

*बुन्हि : वि.सं. १९९१ भाद्र*
*मदुगु न्हि : वि.सं. २०७० श्रावण २०*

ज्ञानमाला भजन म्येया लय्‌चिनामिँ कथँ प्रसिद्ध जुयाबिज्याः म्ह, धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनया संस्थापक उपाध्यक्ष दिवंगत जुजुभाई शाक्ययानं गुरु, भ्री भजन खलः सकलपाखें हना बना तयाम्ह गुरुवर **प्रज्ञारत्न वज्राचार्य**यात दुनुगलंनिसें निर्वाणया आशिका यासे बिचाः हायेका ।

**धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः**
धर्मकीर्ति विहार, श्रीघः नघः यैं ।



Downloaded from http://www.dhamma.digital

# बुद्धानुभाव मैत्रीः छुं दसि

✍ भिक्षु ज्ञानपूर्णिक

छको तथागत सम्यक्सम्बुद्ध आपण गामं कुशीनगर स्वयाः चारिकाय् बिज्यात । वस्पोलया ल्यूल्यू भिंनिसः त्या भिक्षुसंघपिं दुगु खः ।

बैशालीया लिच्छवीपिसंथें कुशीनगरया मल्लपिसं नं गणतन्त्रात्मक ढंगं प्रशासन चले याना च्वं च्वंगु खः । (महापरिनिब्बान सुत्त) तथागतयात लँस्वः वनेत मल्लगणाधिपतिपिसं सम्पूर्ण मल्लराज्यय् सन्देश बियाः घोषणा याना तःगु दयाच्वन । उकी मल्लराज्यय् अतिकं नां दंम्ह प्रभावशाली राजकुमार "रोज मल्ल" नं दुथ्याः । तर वयाके त्रिरत्न प्रति आस्था व विश्वास मदु । व छम्ह भौतिक सुख ऐश्वर्यय् जक दुना च्वंम्ह खः । थ्व खँ क्वय् च्वंगु धापुलिं सी दु -

छन्हु रोज मल्लं आयुष्मान आनन्दयात निमन्त्रणा बिल । वस्पोल रोजमल्लया गृहस्थीबले याम्ह दुग्यःम्ह पासा । उकिं वस्पोल श्रावस्तीं कुशीनगर बिज्यात । अबले रोज मल्लं आयुष्मान आनन्दयात धाल -

"मित्र आनन्द, जिके वैभव सम्पत्ति रत्नत आपालं दु । छन्त जिगु सम्पत्ति बच्छि ब्वः थलाः बी । भीपिं निम्हं पासापिं जाना भौतिक जीवन ख्यलय् न्हचाइपुक च्वने नु । "

थुकथं भिक्षु जीवन तोताः गृहस्थी जुयाः कामगुण सुख उपभोग याना च्वने निंतिं रोज मल्लं आयुष्मान आनन्दयात ब्वन । वस्पोलं कामगुणया दोष व दुष्परिणाम क्यनाः उपदेश बिया बिज्यात । अनं लिपा वस्पोल श्रावस्ती तुं लिहाँ बिज्यात ।

थुगुसी लँस्वः वःम्ह् रोज मल्लयात खनेवं आयुष्मान आनन्दं लय् लय् ताताः वयात धाल -

"मित्र रोज, छं थथे भगवान बुद्धयात लँस्वः वःगु तसकं बांलाः उत्तम जू ।"

तर रोजयागु लिसः न्यनाः थुगुसि नं आयुष्मान आनन्दं मन सुख मतायेका च्वने माल । रोजं धाल–

"आवुस आनन्द, जिके त्रिरत्न प्रतिश्रद्धा मदु लँस्वः मवन धाःसा न्यासः कार्षापण दण्ड पुले मालीगु । उकिं बाध्यतां जक लँस्वः वयागु खः ।"

पासा नापलाये धुंकाः रोज मल्ल लिहाँ वने त्यल धकाः वन । मन सुख मताःम्ह् आयुष्मान आनन्द तथागतयाथाय् थ्यन । वस्पोलं तथागतयात बिन्ति यात– "भन्ते, राजकुमार रोजमल्ल अतिकं प्रसिद्धम्ह् प्रभावशालीम्ह् खः । थुजोपिसं बुद्धशासन प्रति आस्था तइबले लाभकारी जुइफु । रोज मल्लयात छम्ह श्रद्धावान जुइकथं याना बिज्याये माल भन्ते !"

"आनन्द ! रोज मल्लं बुद्धशासन प्रति श्रद्धा तयेके बीगु ज्या जि तथागतया निंतिं छुं थाकुगु ज्या मखु ।" थुलि आज्ञा दयेकाः तथागत गन्धकुटी दुहाँ बिज्यात । उद्देश्य युक्त मैत्री भाविता याना बिज्यात ।

आयुष्मान आनन्द नं अनं लिहाँ बिज्यात । रोज मल्ल आरामया पिने मथ्यंनि । वया मन फहिल । तुरन्त हे तथागतयात विशेष रुपं याकचिया नाप लायेगु चित्त नुनां नुने मफयेक लुयावल । छें लिहाँ वने हे ल्वः मन । विहार प्रांगणय् चाः चाः हिला जुयाच्वन ।

"भन्तेपिं, आः तथागत गनथें ? दर्शन छको याये दइला थें ? दर्शन छको याके बिया बिज्याहुँ लय् !" ध्वदुक्व भिक्षुपिंके बिन्ति बिन्ति याः जुल । छगू विहारं मेगु विहारय् दुहाँ पिहाँ जुल । मांम्ह लिसे बाया च्वने लाःम्ह दुरु त्वनीम्ह साचाथें छटपटय् जुया च्वंच्वनं । वयागु व दशा खनाः अन्तय् छम्ह भिक्षुं लँ क्यनाः निर्देशन बिल–

"उपासक ! तथागत बिज्याना च्वंगु गन्धकुटी हुं हे खः । अन खापा तिना तः गु दु । तीजकं अन वनाः मुसु तयाः सः बी धुंकाः खापाय् त्वाक् त्वाक् यात धाः सा तथागतं खापा चायेका बिया बिज्याइ ।"

रोज मल्ल तथागतया न्हचोने ग्याः चिकु पहः यानाः थ्यंकः वन । वस्पोलयात सगौरब वन्दना यात । न्हापां ला नुगः धुक् धुक् मिनाः मन थातय् मलाः । तथागतयागु ख्वाः जकः तुल्ल तुल्ल स्वयाः च्वंच्वन । स्वस्वं मगाना च्वन । बुलुहुँ बुलुहुँ मन शान्त जुया वल । 'प्रिय रोज,' धयागु तथागतयात स्नेहपूर्ण सम्बोधनं स्यलय् थ्यूथें च्वन । म्ह छम्हं सिच्चुसे, याउँसे ।


तथागतं दान, शीलं निसें क्रमबद्ध उपदेश बिया बिज्यात । छसीकथं रोज मल्लया तृष्णा, मान, दृष्टि ब्वला ब्वला वन । भं भं संयमित जुजुं वन । *क्रमशः*



Downloaded from http://www.dhamma.digital

# कनकनचम्पा शील

✍ दुर्गालाल श्रेष्ठ



पञ्चरङ्गया अय् फरफर ध्वाँय्
धम्मवती गुरुमां
छंगु सुकीर्ति बुद्धधर्मया
थिर जुइ आयु सदां ॥

हखमां-हीरापिनि याकः म्ह्याय्
साप ह्यसें छूम्ह
तुइसे च्वनाः ख्वाः ल्वय्क हिसिं नं
उतिकं हे ल्यूम्ह ॥

क्यात्तुगु वैशय् जक मखुला जुइ
मन चुलुबुलु चंचं
तर जि अजू चाः, अज्याः बेलय् हे
प्रव्रजित-लँ गय् ल्यल छं ॥

वैश जिलं वन, जिं मखनानि
गुगु थ्व इलय् तक नं
तर गय् थिल अबलय् हे छंत
उगु जीवन-सत्यं ॥

सत्य अहो ! जिगु लिक्कं दु खनिं
सिल जिं धम्मवती
पाःगु थुलिं खः, थ्व मिखाय् मंत
सत्य तिफ्याय्गु जति ॥

वैराग्यय् नं गुलि तच्च्वःगु
सम्मोहनया धाः
वं पितयनेवं हे छें नं छ
लुरुलुरु हे वन बाः ॥

छें नं पिने थ्यन, अय्नं पंजः-
दुने हे तिनि बा छ
गुलिगुलि न्ह्याःवन उलिउलि अःखः
झं लिलिज्यां वन छ ॥

उगु लः केवल छतिकिं हे नं
आदिम प्यास लनी
म्हुत्तुम्हुयाःलि छ उगु हे लःया
बुंगाः लिक्क थ्यनी ॥

दकलय् सकलय् पत्तुपनीगु
दुनेया मार खनिं
प्रव्रजित जुइ त्यल, किन्तु सँ खाय् न्ह्यः
पं वल छंत ख्विबिं ॥

तर पिनेया खिँउ मिंमिं च्याः लिसे
झं उलि हे थित छ
पासा जः तन, अझ व सिबय् झन
जुल आलोकित छ ॥

बर्माया उगु जंगलया लँ
थुलित विकट घनघोर
अय्नं निर्भय न्ह्यान्ह्यां वन छ
स्वस्वखं काल कठोर ॥

गनं धुँया भय, गनं अजिंगर
गनं लँ हे मदु लँ
गनं प्रशासन पंगः, अय्नं
अडिग छ आत्मबलं ॥

तर संकल्पित छंगु पलाखं
किसि नं न्हुल की थें
स्याक्क कथं हे तिउसां लय्वल
आज्जुं हे थ्यू थें ॥

अले गणेश कुमारी नां हिल
धम्मवती छ जुल
जिं स्वय् त्रिपिटक गुलित सवाः वः
छं हे मात्र थुल ॥

छं जक कनेवं धर्म देशना
ल्वहंहिति हाः थें च्वं
न्यंक्वसियां हे नुगलय् नुगलय्
धर्म स्वचाः थें च्वं ॥

छंगु म्हुतुं बाः वइगु नुगः सः
सललल अमृत सलिल
फय् मदु थाय् नं नँस्वाः छंगु
कनकनचम्पा शील ॥

धम्मवती यः गुरुमां थौं छ
थुलि परिपूर्ण जुल
थुलि तःधं जुल छंगु नुगः दुने
सर्गः शुन्य लुल ॥

*(साभार- चिरसम्मानित गुरुमां धम्म्वती)*



Downloaded from http://www.dhamma.digital

# सत्यनारायण गोयन्का हाम्रो माझ रहेनन्



कल्याण मित्र सत्यनारायण गोयन्का आज हाम्रो माझ रहेनन् । उहाँ यही आश्विन १३ गते राती १०:४३ बजे ९० वर्षको उमेरमा दिवंगत हुनुभएको समाचार प्राप्त भएको छ । आश्विन १५ गते मंगलवार का दिन विहान उहाँको दाह संस्कार सम्पन्न गरिएको थियो । मानिसलाई कल्याण मार्ग प्राप्त गर्ने विधि सिकाउनु हुने उहाँ कल्याण मित्र गुरुलाई अल्याख शिष्यहरूको मैत्रीले निर्वाण प्राप्त गर्ने हेतु सिघ्रातिसिघ्र मिलोस् भन्ने कामना रहेको छ ।

# बिचाः हायेका



**मदुम्ह जुजुभाई शाक्य**


*जन्म- २००५ कार्तिक २ गते, सोमवार*
*दिवंगत- २०७० भाद्र १७ गते, सोमवार*

धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनया संस्थापक उपाध्यक्ष,
धर्मकीर्ति विहार संरक्षण कोषया आजीवन दुजः,
धर्मकीर्ति पत्रिकाया आजीवन दुजः,
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया दुजः, झिंच्छदँ (११ वर्ष) या नचागु इलंनिसें ज्ञानमाला भजन प्रति अतिकं मन क्वसाःम्ह श्रद्धावानम्ह वयक:या योगदान अविस्मरणीय क्षणयात दुनुगलंनिसें गुणानुस्मरण यासे अमूल्य छाप त्वःताः आकाझाकां दिवंगत जुयाबिज्याःम्ह हनेबहम्ह भाजु **जुजुभाई शाक्य**यात हिउगु नुगलं निर्वाण आशिका यासे दुःखंकःपिं सकल छेँजःपिंसं धैर्य धारण याये फयेमा धकाः बिचाः हायेका ।

- **धर्मकीर्ति संरक्षण कोष**
- **धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
- **धर्मकीर्ति ज्ञानमाला भजन खलः**
- **धर्मकीर्ति मासिक पत्रिका**
- **धर्मकीर्ति शिक्षा सदन**
- **धर्मकीर्ति स्वास्थ्य कमिटि**
- **धर्मकीर्ति बौद्ध पुस्तकालय**
- **धर्मकीर्ति पब्लिक इमेज**
- **धर्मकीर्ति प्रव्रज्या उप-कमिटि**
- **धर्मकीर्ति विहार परिवार**



Downloaded from http://www.dhamma.digital



*उपासिका चम्पावतीं स्थापना यानादयूगु बुद्धमूर्ति*

# चम्पावती अजि लुमंकाः

✍ **दीना बनिया (कंसाकार)**
*परियत्ति सद्धम्म पालक*

धर्मकीर्ति विहार स्थापना जूगु इलंनिसें श्रद्धेय धम्मवती गुरुमांया धर्मदेशनां ग्यलाः बुद्धधर्मयात दुग्यय्क थुइकूपिं आपालं उपासिकापिं दु । उपिं उपासिकापिसं धाथें नं बौद्ध उपासिका जुयाः थःथःगु जीवनय् परिवर्तन हःगु सीकेबहःजू । गुपिं उपासिकापिं नियमित रुपं धर्मकीर्ति विहारय् वयाः धम्मवती गुरुमांयापाखें बाखं न्यनेगु, अले दान धर्म यायेगु याइपिं खः । वय्‌कःपिं गुलिखे दिवंगत जुया दीधुंकल । थौंकन्हय् न्हूपिं विहारय् वयेगु यानादीपिसं वय्‌कःपिन्त म्हमसीनं फु । उपिं उपासिकापिं मध्यय् छम्ह चम्पावती बनिया नं खः । वय्‌कःनापं वय्‌कःया समकालीन उपासिकापिं ल्यासे अजि, मिठाइ अजि, तुल्सीतता, दिलशोभा अजि आदिपिं खः । चम्पावती उपासिका दान बीगुली सदां न्ह्यब्वाःम्ह जूगुलिं वय्‌कःयात उगु इलय् गणबाहाः, आनन्दकुटी विहार, अले यलया शाक्यसिंह विहार, सुमंगल विहारय् च्वना बिज्याइपिं श्रद्धेय भन्तेपिसं **थौंकन्हय्या विशाखा उपासिका धाये बहःम्ह उपासिका** धकाः धया बिज्याइगु जुयाच्वन ।

नेपालभाषा साहित्यया प्यंगः थां धकाः तःधंगु हनाबना तयाः थनातःपिं प्यम्ह महारथी मध्ये छम्ह योगवीरसिं कंसाकार व मां शोभा लक्ष्मीया कोखय् दातिम्ह म्हयाय् जुयाः वि. सं. १९६६ कार्तिक १० गते बृहस्पतिबार बैकुण्ठ चतुदर्शीखुन्हु केलत्वाःया क्वाछेँय् चम्पावतीया जन्म जूगु खः । उगु इलय् मिसापिसं आखः ब्वने मज्यू धैगु इलय् नं न्हूगु विचार धारायाम्ह वय्‌कःया अबुजु योगवीरसिं नं नारी शिक्षाया पक्ष कयाः थः म्हयाय्‌पिंत आखः स्यनातःगु जुयाच्वन । १५ वर्षयागु यौवन अवस्था थ्यंबलय् इतुम्वहालय् ज्ञान मान सिं बनियानाप इहिपाः जुल ।

धर्म धालकि अप्वः मन क्वसाःम्ह चम्पावती अजि उगु इलय् प्रचलित धर्म कथं धलं दनेगु, द्योः पुज्याः वनेगु आदि ज्या तःधंगु धर्म भाःपाः लगे जुइगु जुयाच्वन । थ्व हे भ्वलय् थाय्‌थासय् तीर्थ पत्तिकं धलं दंवनेगु, इलय्‌ब्यलय् फुर्सदय् धर्म यायेबलय् मन साप हे आनन्द जू धाइम्ह खः । म्वाःमदुगु खँ लुमंकाः च्वनेगु स्वयाः थाय् थासय् झायाः सवा लाख इताः च्याकेगु, प्यम्ह करुणामयथाय् आखें लः छानादीगु जुयाच्वन । प्यला तक जनबहाःद्योयात सुथय् क्षीर छायेगु नं यानादिल । अथे हे श्रीघः विहारय् भगवान बुद्धयात क्षीर, स्वयम्भुइ गुल्पाः लः छानादीगु जुयाच्वन । थःगु हे ल्हातिं इताः वानाः रक्तचन्दन चुलाः इताः छिनाः मतबीगु । अथेंतुं यंकी दहः, फूचो, सिफूचोय् अष्टमीब्रत इत्यादि दिपाः हे मदयेक धर्मकर्म याना च्वनादीगु जुयाच्वन ।

थथे बज्रयान धर्मय् द्योयागु भक्ति यानाः थम्हं फुगुचाःगु दान धर्म याये सयेका च्वंम्ह । भक्ति मार्गे लगे जुया च्वंम्ह छन्हु ज्ञानमार्गय् लाः वल । भन्ते व गुरुमांपिनिगु संगत जूवन । उथाय् धर्मचारी गुरुमांनं किम्डोल विहारय् गृहस्थ महिलापिन्त यानाच्वंगु धर्मोपदेशं थेरवाद बुद्धधर्मया ज्ञानं मनूत अतिंक प्रभावित जुल । धर्मचारी गुरुमां गृहस्थीबले लक्ष्मीनानी बनिया खः गुम्ह चम्पावतीया थः पिंलिं अर्थात् दाजुभतया जहान नं खः । धर्मचारी गुरुमांनं समय समयलय् चम्पावतीया छेंय् बिज्यानाः बाखं कं बिज्याइगु जुयाच्वन । अथेहे धर्मचारी गुरुमांयांत निर्वाणमूर्ति विहार दयेकेत चम्पावती अजिं आर्थिक रुपं नं यक्व ग्वहाली यानादिल ।

वि.सं. २०२० सालय् १४ वर्ष बर्मा देशय् बुद्धधर्म अध्ययन यानाः धम्मवती गुरुमां व बर्मीज मांगुण गुरुमां नेपाल लिहाँ बिज्यात । उबलेनिंसे गुरुमांपिसं न्हापास्वयाः अप्वः थेरवाद बुद्धधर्म प्रचार याना बिज्यात । गुरुमांपिनिगु धर्मोपदेशं गृहस्थ महिलापिं अप्वः प्रभावित जुल । गुरुमांपिं थाय् थासय्, गाँ गामय् बिज्यानाः यक्व बुद्धधर्म उपदेश कना बिज्यात । अथे हे चम्पावती अजि नं वसपोलपिनिगु संगतय् लाः वल । यक्को ज्ञानयागु खँ न्यँन्यं अले धर्म धयागु छु खः धैगु यथार्थ ज्ञान दयावल । द्यो जक पुज्यानाः धर्म पुरा जुइमखु धैगु कर्म बांलाकेमाः, जप व ध्यान नं यायेमाः धैगु सियावल ।

वि.सं. २०२२ सालय् धर्मकीर्ति बिहार स्थापना जुल । उबलेनिंसें धर्मकीर्ति विहारय् त्वःमफीक झाया दिइगु यानादिल । शुद्धगु बुद्धधर्म थ्वहे भाःपाः थः परिवार काय्, म्हयाय्, भौपिं, छय् छ्वीपिं, थःछेँय् च्वंपिं भिन्चापिं नं भन्ते गुरुमांपिंथाय् बुद्धशिक्षाया लागि ब्वना यंकेगु याना दिल । उकिं वय्‌कलं ल्हाः ज्वनाः, हेय्‌काः हेय्‌काः विहारय् ब्वना यंकातःगुलिं बुद्धधर्मया शिक्षा काये खन धकाः वय्‌कःया सन्तानपिसं अजिया गुण लुमंकेगु याः । थः सन्तानपिं जक मखु न्ह्याम्हेसित नं विहारय् वनेमाः नु धकाः ब्वनायंकेगु वय्‌कःयागु बानि खः।

वि. सं. २०२२ लय् स्व. जहान ज्ञान मान सिंया नामं इतुम्बहालय् थःगु हे छेँय् क्वय् भगवान बुद्धयागु चैत्य स्थापना यानादिल । उगु उपलक्ष्यय् भिक्षु भिक्षुणीपिन्त निमन्त्रणा यानाः महापरित्राण नं याका दिल । थः जहानयागु जन्मदिन पारु खुन्हु



Downloaded from http://www.dhamma.digital

लाकाः बुद्धपूजा यानाः भन्ते गुरुमांपिं सःताः बुद्धपूजा याकाः भोजन दान याना च्वंन। थौं तक नं वयक:या परिवारपिसं थुगु पुण्य कार्य याना हे च्वंगु नं वयक:या धर्मप्रतापं खः धाये बहःजू।

श्रीघः बहालय् दुने व इलय् धर्मकीर्ति विहार लिकसं सार्वजनिक थासय् खिखांमुगः जुयाः दुर्गन्ध वयाः विहारयात साप हे समस्या जुया च्वंगु खः। वि. सं. २०२९ सालय् अन सफा यानाः थाय् बांलाकाः बर्मा देशं दुरुल्वहंयाम्ह भगवान बुद्धया मूर्ति हयाः बर्मीज ढाँचां देगः दयेकल। थःगु छेँ इतुम्बहालंनिसें बुद्धमूर्ति जात्रा यानाः श्रीघः पुन्हीखुन्हुया दिनय् बुद्धमूर्ति स्थापना यानादिल। थ्व दिनय् बुद्धपूजा, जलपान भोजन दान ज्याभ्वः नं न्ह्याना हे च्वनतिनि। उगु बखतय् भन्ते गुरुमापिंत दानयायेगु व भोजन याकेगु चलन उलि मदुगुलिं वयक: थाय् थासय् विहारय् झायाः जलपान, भोजन याकः झाइगु। धर्मकीर्ति विहार, गणमहाविहार सुमंगल विहार, संघाराम विहार आदि विहारय् भोजन याकः झाइगु जुयाच्वन। स्व. पति ज्ञानमासिं मदुगु दिं पारु पतिकं लच्छिइ छको गणमहाविहारय् भन्तेपिंत जलपान, भोजन याका च्वनादिल। गुगु ज्याभ्वलं आतक नं निरन्तरता कयाच्वंगु दनि।



चम्पावती अजि

धम्मवती गुरुमांया प्रभावशाली उपदेशया छगू नमूना चम्पावती उपासिकां ल्ह्वनादीगु पलाःया खँ न्ह्यथने। गुंलाया पञ्चदानखुन्हु झी शाक्य, वज्राचार्य गुरुजुपिंत दान यायेमाः। गुरुजुपिंत दान बी सिधयेकाः अयलाः तयाः कौला याकीगु नं चलन दु। पञ्चदान धयागु शाक्य भिक्षुपिन्त बीगु खः। अयलाः त्वनेगु धैगुला पञ्चशील पालन मजूगु जुयाः थ्वयात सुधार यायेमाः धकाः धम्मवती गुरुमांनं बाखं कनेबलय् धया बिज्यात। चम्पावती उपासिकां खः तायेकाः गुरुजुपिंत अयलाःया थासय् जूस त्वंकेगु व्यवस्था यानादिल। थ्व ज्यां सिइदुकी वयक: छम्ह समाज सुधार यायेत नं मग्याःम्ह खः।

भिक्षु भिक्षुणीपिनि छुं समस्या जुलकि वयक: न्ह्यचिलादी। थःम्हं फक्व थःम्हेसियां हे ज्या यानादी। मफुतकि थः काय्, भौपिं ग्वहाली कयाः सां व समस्या समाधान यायेत कुतः यानादी। धम्मवती गुरुमांयात क्षयरोग जूगु इलय् वयकलं न्हिथं बिरामीयात ल्वःगु खाना थःगु छेँय् ज्वरय् यानाः विहारय् थ्यंकेगु प्रबन्ध याना दिल।लुम्बिनी विहारय् भन्ते पिनि तान्वयाः समस्या जुयाच्वंगु खनाः भन्ते पिनि सुविधाया लागी बिजुली पंखा दान यानादिल।

वि.सं. २०४२ सालय् स्व. पति ज्ञान मान सिंया नामं शंखमोलय् ध्यानकुटी कोथा दयेकत दान यानादिल। न्ह्यागु यायेत न्हापा पूर्व जन्मयागु संस्कार माः धैगु सीकाः हानंयागु जन्मयात संस्कार दयेमा धैगु आशिका यानाः न्हेन्हुतक बुद्धगयाय् अस्थायी दुर्लभ प्रव्रज्या जुयादिल।

थुकथं बुद्ध शासनय् विशाखा महाउपासिका ज्वःलाम्ह धकाः नां कायेका वंम्ह न्ह्यसुदंम्ह चम्पावती अजि बुद्ध शासन चिरस्थायीया लागि निरन्तर ग्वहाली याना दीम्ह खः। भन्तेपिनि, गुरुमांपिनि छुं समस्या जुल कि ग्वहाली यायेत तत्पर जुइम्ह खः। उगु इलय् भन्तेपिं, गुरुमांपिं दथुइ चम्पावती अजि धालकि म्हमस्यूपिं कम हे जुइ।

थथे चम्पावती अजि धार्मिक व, सामाजिक क्षेत्रय् यक्व योगदान बियादिसें वि. सं. २०५२ बैशाख महिनाय् थ्व नरदेह त्याग याना दिल। धर्मकीर्ति विहारय् वि. सं. २०२२ साल निसें निरन्तर रुपं झायाः छम्ह धात्थेंम्ह बौद्ध उपासिकाया गुणं जाःम्ह चम्पावती अजि थौं झीगु न्ह्यःने मदये धुंकल। अथेसां वयकलं स्थापना याना थका दीगु धर्मकीर्ति विहारया नापसं पूर्वपाखे च्वंगु भगवान बुद्धया मूर्ति (बर्मीज) तयाः दयेका तःगु देगलं वयक:यात लुमंकाच्वंगु दु। ❖

## जुजु भाई दाईया लुमंन्ति

✍ **सुभद्रा स्थापित,** इन्द्रचोक

जन्म जुल हःखा टोल यंलसं जुजु भाई धकाः
नीस्वना थकल भजन खलःत धकाः
धर्मकीर्ति नःघः येँस
क्यनाथकल सकसितं
भगवान् भजन याय्माः धकाः
भजन म्ये हालाः वं थुइकाः थन हे
थ्व छगू बुद्ध धर्म न्ह्याक्येगु लँपु जूवन
यदि वयक:या थ्व देन मदुगु जूसा
धाय् दैमखु, झीपिं भजन खलःत धकाः।
तर वयकलं सदांया लागि थ्व देह त्याग यानादिल।
सुमार्गया लँपुई लाःवनेमा।



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति विहार — गतिविधि

# धम्मवती गुरुमांको ८० वर्षिय जन्मोत्सवको उपलक्ष्यमा हाजिरी जवाफ प्रतियोगिता सम्पन्न



*धम्मवती गुरुमांको ८० वर्षिय जन्मोत्सवको उपलक्ष्यमा हाजिरी जवाफ प्रतियोगितामा सहभागी विद्यालयहरू र अन्य सहभागी महानुभावहरू*

*२०७० भाद्र २९ गते, शनिवार ।*
*स्थान- धर्मकीर्ति विहार, धम्महल ।*

धम्मवती गुरुमांको ८० वर्षिय जन्मोत्सवको उपलक्ष्यमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले अन्तर निम्न माध्यमिक विद्यालय स्तरिय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न गरेको छ ।

धम्मदिन्ना गुरुमांले पञ्चशील प्रार्थना गराउनु भएपछि लोचनतारा तुलाधर (धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सचिव) ले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रम रामेश्वरी महर्जनले सञ्चालन गर्नुभएको थियो ।

कार्यक्रम धम्मवती गुरुमांको प्रमुख आतिथ्य एवं धम्मदिन्ना गुरुमांको सभापतित्वमा सञ्चालन गरिएको थियो ।

उक्त कार्यक्रमको विवरण यसरी रहेको छ–

**प्रतियोगिता नतिजा**

| क्र.सं. | सहभागी विद्यालयहरू | प्राप्ताङ्क | श्रेणी |
|---|---|---|---|
| १ | त्रियोग उच्च माध्यमिक | ३६ | प्रथम |
| २ | जनप्रभात माध्यमिक | ३५ | द्वितीय |
| ३ | श्री शान्ति विद्यागृह उच्च माध्यमिक | २४ | तृतीय |
| ४ | विजेश्वरी उच्च माध्यमिक | २० | सान्त्वना |

प्रतियोगिता सञ्चालनार्थ आवश्यक भूमिका निभाउनु भई सहयोग गर्नुहुने कार्यकर्ताहरूको कार्य विवरण र नामावली यसप्रकार रहेको छ–

| क्र.सं. | कार्य विवरण | कार्यकर्ताको नामावली |
|---|---|---|
| १ | निर्णायक | जवनवती गुरुमां, मदनरत्न मानन्धर |
| २ | क्वीज माष्टर | प्रफुल्ल कमल ताम्राकार, अरुण सिद्धि तुलाधर |
| ३ | टाइम किपर | राम कुमारी मानन्धर |
| ४ | स्कोर बोर्ड | उर्मीला ताम्राकार |
| ५ | प्रश्न वितरक | डिविज कंसाकार, सुमित्रा तुलाधर |



Downloaded from http://www.dhamma.digital




*प्रश्न सोधन तल्लीन क्वीज माष्टरहरूका साथ निर्णय गर्ने कार्यमा तल्लीन निर्णायकहरू*

## पुरस्कार वितरण

प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र चतुर्थ हुन सफल प्रतियोगिहरूलाई र स्कूललाई यसरी पुस्कार वितरण गरिएको थियो ।

| क्र.सं. | पुरस्कार प्रदान गर्नुहुने व्यक्ति | पुरस्कार प्राप्त गर्नुहुने विद्यार्थीहरू | विद्यालय | पुरस्कार प्रायोजकको नाम र प्रायोजन विवरण | नतिजा श्रेणी |
|---|---|---|---|---|---|
| १ | धम्मदिन्ना गुरुमां | अनिष्मा तुलाधर<br>गुणिका तुलाधर<br>सोमिका श्रेष्ठ | त्रियोग उच्च मा.वि. | धम्मवती गुरुमां<br>रु. ३०००/– | प्रथम |
| २ | रसवन्ती कंसाकार | विपना रिमाल<br>मनिष कुमार भत्त<br>सीमा कुमारी महतो | जनप्रभात मा.वि. | रसवन्ती कंसाकार<br>रु. २५००/– | द्वितीय |
| ३ | मोहिनी तुलाधर | अमर गुरुङ्ग<br>प्रल्हाद राणा<br>उजन श्रेष्ठ | श्री शान्ति विद्या गृह | मोहिनी तुलाधर<br>रु. २०००/– | तृतीय |
| ४ | तृप्ती ताम्राकार | सलिना महर्जन<br>बुद्धि तामाङ्ग<br>यूगेश शिलाकार | विजेश्वरी उच्च मा.वि. | तृप्ती ताम्राकार<br>रु. १५००/– | सान्त्वना |

उर्मिला ताम्राकार संयोजिका रहनुभएको उक्त कार्यक्रममा निर्णायकको भूमिका निभाउनु हुने जवनवती गुरुमां र मदनरत्न मानन्धरलाई पनि धम्मदिन्ना गुरुमांले सम्भनाको चिनो उपहार प्रदान गर्नुभएको थियो ।

यसरी नै प्रतियोगितामा भाग लिनु भएका विद्यालयहरूलाई पनि उपहार प्रदान गरिएको थियो । कार्यक्रमको अन्त्यमा उर्मिला ताम्राकारले धन्यवाद व्यक्त गर्नुभएको थियो भने धम्मदिन्ना गुरुमांले सभापतिको आसनबाट आफ्नो मन्तव्य व्यक्त गर्नुभई सभा विसर्जन गर्नुभएको थियो ।

कार्यक्रम समापन पश्चात् उपासक श्यामलाल चित्रकारले कार्यक्रममा सहभागी रहनुभएका सबैलाई जलपान प्रायोजन गर्नुभई पुण्य सञ्चय गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

# नेवाः जागरण मञ्चद्वारा भिक्षुणी धम्मवतीलाई सम्मान



*सभामा मन्तव्य व्यक्त गर्नुहुँदै पूज्य भिक्षुणी धम्मवती*

*२०७० आश्विन १२ गते, शनिवार*
*नेपाः ब्याङक्वेट, खुसिबुँ ।*

भगवान् बुद्धले सिकाउनु भएको अमूल्य शिक्षा नेपालका जनतालाई सरल, सरस तरिकाले बुझाउन र प्रचार गर्न सक्रिय एवं सफल रहनु भएकी स्पष्ट वक्ता श्रद्धेय भिक्षुणी धम्मवती (सासन धज धम्माचरिय, अग्ग महा गन्थवाचक पण्डित) लाई धर्मक्षत्रमा रहेको उहाँको अतुलनिय योगदान र उहाँले भाषा, साहित्य एवं समाज सेवा क्षेत्रमा पुऱ्याउनु भएको योगदानलाई समेत कदर गर्दै नेवाः जागरण मञ्चले यसदिन उहाँलाई सम्मान पत्र चढाई भव्य रुपमा सम्मान गरेको छ ।

नेवाः जागरण मञ्चको पाँच वर्षिय वार्षिक उत्सवको उपलक्ष्यमा यस महत्त्वपूर्ण कार्यको आयोजना गरिएको कुरा थाहा हुन आएको छ ।

विहान ७ बजे देखि धर्मकीर्ति विहार परिसरमा श्रद्धालु भक्तजनहरू भेला भई भिक्षुणी धम्मवती गुरुमांलाई ८ बजे सजिएको आसनमा विराजमान गराई बाजागाजा सहितको ऱ्यालिले स्वागत गर्दै खुखिबुँ स्थित नेपाः ब्याङ्क्वेट लगिएको थियो । नेपाः ब्याङ्क्वेटमा श्रद्धालु भक्तजनहरू दाँया बाँया उभिएर धम्मवती गुरुमांलाई खादा ओढाउँदै, भुइँमा लम्पत ओछ्याउँदै र जलधारा खन्याउँदै भव्य रुपमा स्वागत गरी भित्र्याइएका थियो ।

ब्याङक्वेट भित्र सजाइएको मञ्चमा विराजमान गराइसकेपछि सम्मान कार्यक्रम आरम्भ गरिएको थियो ।



*पुस्तक विमोचन गर्नुहुँदै प्रमुख अतिथि हाना सिंगर*



Downloaded from http://www.dhamma.digital




सम्मान कार्यक्रममा आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै युनिसेफका प्रतिनिधि हाना सिंगर र भाषा अनुवाद गर्नुहुँदै सुमनकमल तुलाधर

नेवा: जागरण मञ्चका अध्यक्ष सुजीव वज्राचार्यको सभापतित्त्वमा र युनिसेफका प्रतिनिधि हाना सिंगरको प्रमुख आतिथ्यमा सञ्चालिन उक्त कार्यक्रममा भिक्षु अश्वघोष महास्थविरले सभामा सहभागी महानुभावहरूलाई पञ्चशील प्रार्थना गराउनु भएको थियो। जागरण मञ्चका महासचिव विजय कृष्ण श्रेष्ठले स्वागत भाषण गर्नुभएपछि पूज्य धम्म्वती गुरुमांको धार्मिक योगदान विषयमा भिक्षुणी डा. अनोजाले मन्तव्य व्यक्त गर्नु भएको थियो।

यसरी नै प्राज्ञ रीना तुलाधरले पनि भिक्षुणी धम्मवतीको विविध पक्षमा उल्लेखनिय योगदान विषयमा मन्तव्य व्यक्त गर्नुभएको थियो।

जनकवी दुर्गालाल श्रेष्ठले आफ्नो कविता रचना “कनकन चम्पा शील” रोचक ढङ्गले वाचन गरेर सुनाउनु भएको थियो।

सो पश्चात् प्रमुख अतिथि हाना सिंगरले पूज्य भिक्षुणी धम्मवतीलाई सम्मानपत्र चढाउनु भएको थियो भने प्रमुख अतिथिले नै रीना तुलाधर द्वारा सम्पादित “चिरसम्मानित गुरुमां धम्मवती” पुस्तक र धम्मवती गुरुमांको जीवनी “योम्ह म्ह्याय्” विमोचन गर्नुभएको थियो।

पुस्तक विमोचन पछि प्रमुख अतिथि हाना सिंगरले यस सम्मान कार्यक्रमको महत्त्व दर्शाउनु हुँदै भिक्षुणी धम्मवतीको नेतृत्त्वले समाजमा पुऱ्याएको योगदान विषयमा प्रशंसा गर्नुहुँदै गौरव गर्न योग्य व्यक्तिलाई गौरव गरेर र पूजा गर्न योग्य व्यक्तिलाई पूजा गर्नुनै मंगल कार्य भएको शिक्षा भगवान् बुद्धले मंगल सूत्रमा उल्लेख गर्नुभएको कुरालाई प्रस्तुत गर्नुभएको थियो। उहाँले अंग्रेजी भाषामा व्यक्त गर्नुभएका मन्तव्यलाई डा. सुमनकमल तुलाधरले नेपाल भाषामा रुपान्तर गर्नुभएको थियो।

संघ नायक पूज्य भिक्षु अश्वघोष महास्थविरले आशिष वचन व्यक्त गर्नुभएपछि संघ उपनायक पूज्य भिक्षु ज्ञानपूर्णिक महास्थविरले नारी शक्तिलाई भगवान् बुद्धले पनि प्रशंसाका साथ



Downloaded from http://www.dhamma.digital



*सम्मान कार्यक्रममा उपस्थित जनसमूह*

उचित स्थान दिनुभएको विषयमा प्रकाश पार्नुभयो ।

त्यसपछि धम्मवती गुरुमांको विविध क्षेत्रमा योगदान र नारी शक्तिको उचित प्रयोग हुनुपर्ने विषयमा राजनैतिक क्षेत्रका नेताहरू हिसिला यमी, तीर्थराम डंगोल, कृष्ण गोपाल श्रेष्ठ, केशव मान शाक्य, राजेन्द्र श्रेष्ठ, मल्ल के सुन्दर र लक्ष्मी दास मानन्धर आदिले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए ।

यसको साथै नेपालभाषा परिषदका प्रमुख फणिन्द्र रत्न वज्राचार्य र दाता द्रव्यमान सिंह तुलाधरले पनि आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएपछि पूज्य धम्मवती गुरुमांले आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै जागरण मञ्चले पाँच वर्षिय वार्षिक उत्सवको उपलक्ष्यमा यस भव्य सम्मान कार्यक्रमको आयोजना गरी मङ्गलमय बीऊ रोप्नु भएको छ । बीउ जसले रोप्छ, त्यसको फल रोप्ने व्यक्तिले नै प्राप्त गर्ने हो । तैपनि धम्मवती गुरुमांले यस शुभ कार्यमा जागरण मञ्चले रोपेको मंगलमय बीऊलाई साथ दिने खेत बनिदिनुभएको विषयमा प्रकाश पार्नु भएको थियो ।

जागरण मञ्चका उपाध्यक्ष अमृत ताम्राकारले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा उपस्थित हुनुभएका सबै सहभागीहरूलाई दाता लक्ष्मीदास मानन्धरले उहाँकी दिवंगत श्रीमती लक्ष्मी देवी मानन्धरको पूण्य स्मृतिमा जलपान गराउनु भई पूण्य सञ्चय गर्नुभएको थियो ।

यसरी नै नेपाः ब्याङक्वेट परिवारले सभामा उपस्थित हुनुभएका भिक्षु भिक्षुणीहरूलाई भोजन दान गर्नुभएको थियो भने सभा सञ्चालनार्थ आवश्यक स्थान उपलब्ध गराउनु भई पूण्य सञ्चय गर्नुभएको थियो ।

यस भव्य समारोहका लागि आवश्यक मञ्च व्यवस्था सम्बन्धी सम्पूर्ण व्यवस्था दाता द्रव्यमान सिंह तुलाधर परिवारले मिलाउनु भई पूण्य सञ्चय गर्नुभएको थियो ।

## मैत्री बोधिसत्त्व विहारमा बुद्धपूजा

*२०७० भाद्र २८ गते, शुक्रवार*

यसदिन मैत्री बोधिसत्व विहारमा कुसुम गुरुमांले बुद्धपूजा कार्यक्रम सञ्चालन गर्नुभई धर्मदेशना गर्नुभएको थियो भने श्रीघः ज्ञानमाला भजन खलःले भजन प्रस्तुत गर्नुभएको थियो ।

यसदिन संजीव तुलाधर र शील शोभा तुलाधरले स्व. अशोक रत्नको पूण्य स्मृतिमा जलपान दान गरी पूण्य सञ्चय गर्नुभएका थिए ।



Downloaded from http://www.dhamma.digital

# कृष्ण बहादुर मानन्धर स्मृति कोषबाट धर्मकीर्ति पत्रिकालाई रु. २५,०००/– रकम धर्मदान




*आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै श्रद्धेय भिक्षुणी वीर्यवती*

*२०७० भाद्र २९ गते, शनिवार ।*
*स्थान- नयाँ बजार मल्टी भेन्यु, नयाँबजार ।*

यसदिन दिवंगत नारायणदेवी मानन्धरको पूण्य स्मृतिमा उहाँका सुपुत्रहरू राजबहादुर मानन्धर, कृष्णचन्द्र मानन्धर र श्याम मानन्धर सपरिवारको तर्फबाट धर्मकीर्ति पत्रिकालाई सहयोगार्थ रु. २५,०००/– रकम धर्मदान गर्नुभएको थियो ।

त्यही दिन उहाँहरूले आफ्ना दिवंगत पिता कृष्ण बहादुर मानन्धरको पूण्य स्मृतिमा भक्त विद्याश्रम माध्यमिक विद्यालयलाई सहयोगार्थ रु. ७५,०००/– रकम चन्दा सहयोग प्रदान गर्नुभएको थियो ।

आफ्ना दिवंगत पिता कृष्ण बहादुर मानन्धरको पूण्य स्मृतिमा "कृष्ण बहादुर स्मृति कोष" स्थापना गरी उहाँहरूले एक वर्ष शिक्षा क्षेत्रको लागि र अर्को वर्ष सँस्कृतिको लागि उक्त स्मृतिकोषबाट आर्थिक सहयोग प्रदान गरी पूण्य सञ्चय गर्दै आइरहेको कुरा बुझिएको छ ।

उक्त कार्यक्रम कोषका अध्यक्ष राजबहादुर मानन्धरको अध्यक्षतामा र वीर्यवती गुरुमांको प्रमुख अतिथित्वमा कृष्ण चन्द्र मानन्धरले सञ्चालन गर्नुभएको थियो ।

कार्यक्रमको आरम्भमा श्रद्धेय भिक्षु उपतिस्सले सहभागीहरूलाई पञ्चशील प्रार्थना गराउनु भएको थियो । सो पश्चात् दिवंगत कृष्ण बहादुर मानन्धर र दिवंगत नारायण देवी मानन्धरको पूण्य स्मृतिमा परित्राण पाठ गरिएको थियो ।

कार्यक्रममा कोषका अध्यक्ष राजबहादुर मानन्धरले कृष्ण बहादुर मानन्धर स्मृति कोषको परिचय प्रस्तुत गर्नुहुँदै आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । त्यसपछि धर्मकीर्ति पत्रिकालाई सहयोगार्थ रु. २५०००/– रकमको चेक श्रद्धेय भिक्षु उपतिस्सले पत्रिकाका प्रमुख व्यवस्थापक विद्यासागर रञ्जितलाई हस्तान्तरण गर्नुभएको थियो ।

यसरी नै भक्त विद्याश्रम माध्यमिक विद्यालयको लागि सहयोगार्थ रु. ७५,०००– रकमको चेक श्रद्धेय भिक्षुणी वीर्यवतीले उक्त विद्यालयका प्रधानाध्यापकज्यूलाई हस्तान्तरण गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital




*धर्मकीर्ति पत्रिकालाई रु. २५,०००/– रकमको चेक हस्तान्तरण गर्नुहुँदै श्रद्धेय भिक्षु उपतिस्स*

त्यसपछि वीर्यवती गुरुमांले धर्मकीर्ति पत्रिकाको छोटो परिचय प्रस्तुत गर्नुभएपछि भन्नुभयो– बुद्ध शिक्षानुसार "**सब्ब दानं धम्म दानं जिनाति**" अर्थात्– सबै दानहरू मध्ये धर्मदान नै उत्तम छ। अनन्त गुणले सम्पन्न हुनु भएका माता पिताको पूण्य स्मृतिमा यसरी धर्मदान गर्ने कार्यलाई भगवान् बुद्धले मंगल कार्यको रुपमा लिनु भएको छ। यस्तो मंगल कार्य गरी दाता परिवारले सञ्चय गर्नु भएको पूण्यको प्रभावले उहाँका दिवंगत माता नारायण देवी मानन्धर र दिवंगत पिता कृष्ण बहादुर मानन्धरलाई सद्गतिको साथै निर्वाणार्थ हेतु प्राप्त होस् भनी कामना गर्दछौं।"

यसरी नै भक्त विद्याश्रमका प्रधानाध्यापकज्यूबाट आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै दिवंगत कृष्ण बहादुर मानन्धरको व्यक्तित्व विषयमा प्रकाश पार्नुभएको थियो।

कार्यक्रमको अन्त्यमा स्मृति कोषका कोषाध्यक्ष श्याम मानन्धरले धन्यवाद, ज्ञापन गर्नु भएको थियो।

यसरी नै श्रद्धेय भिक्षु उपतिस्सले दाता सपरिवारले गरेको यस प्रशंसनिय, उदाहरणीय र आदर्श लिन योग्य पूण्य कार्यबाट सञ्चय गरेको पूण्य उहाँका दिवंगत माता पितालाई पूण्य दान गरी पूण्यानुमोदन गराउनु भएको थियो।

उक्त कार्यक्रममा उपस्थित हुनुभएका भन्ते गुरुमांहरूलाई दान प्रदान गर्ने कार्य सम्पन्न भएपछि सभामा उपस्थित हुनुभएका सबै सहभागीहरूलाई आयोजक परिवारले भोजनको व्यवस्था पनि मिलाउनु भएको थियो।

## महापरित्राण पाठ सम्पन्न

दिवंगत माष्टर जीवरत्न शाक्यको पूण्य स्मृतिमा एवं नेपालमा सुख, शान्ति कामना गरी भिक्षु महासंघबाट दिनभर पवित्र महापरित्राण पाठ सम्पन्न गरिएको छ। उपासिका हेरा शोभा शाक्य परिवारको आयोजनामा उक्त कार्यक्रम एकेडेमी अफ सेक्रेड हर्ट्स स्कूल ढल्को बस स्टप लिंकरोडमा यही असोज २ गते बुद्धवार इन्द्रजात्राको दिन सम्पन्न भएको थियो।



Downloaded from http://www.dhamma.digital

# श्रद्धाञ्जली सभा



*ओवाद न्वचू बिया बिज्यासे धम्मवती गुरुमां*

*२०७० आश्विन ११ गते, शुक्रवार ।*
*स्थान- धर्मकीर्ति विहार, श्रीघः, नःघः ।*

धर्मकीर्ति ज्ञानमाला भजनया उपाध्यक्ष जुजुभाई शाक्य दिवंगत जुयादीगुलिं धर्मक्षेत्रय् वयकःया योगदानयात कदर यासें धर्मकीर्ति संरक्षण कोष व धर्मकीर्ति ज्ञानमाला भजन पाखें श्रद्धाञ्जली सभा क्वचाय्कूगु दु ।

श्रद्धेय धम्मवती गुरुमांया अध्यक्षताय् व श्रद्धेय भिक्षु कोण्डञ्ञया प्रमुख अतिथित्वय् न्ह्याःगु उगु ज्याभ्वःले धम्मवती गुरुमां नं प्रदीप च्याकाः दिवंगत जुजुभाई प्रति श्रद्धाञ्जली देछानाबिज्याःगु खः ।

रामेश्वरी महर्जनं मूज्याभ्वः सञ्चालन यानादीगु खःसा भजन खलःया सचिव प्रेमलक्ष्मी तुलाधरं जुजुभाई शाक्यया योगदान विषय चर्चा यासें थःगु मन्तव्य व्यक्त यानादिल ।

भिक्षु कोण्डञ्ञं श्रद्धाञ्जली न्वचू व्यक्त याना बिज्याय् धुंकाः धम्मवती गुरुमांनं ओवाद न्वचू बिया बिज्यागु खः ।

श्रद्धाञ्जली सभाय् उर्मीला महर्जनं नं दिवंगत जुजुभाईया योगदान विषये थःगु च्वचू प्वंकादीगु खः ।

थुगु शोक सभाय् धर्मकीर्ति संरक्षण कोषया सचिव मीना तुलाधर, धर्मकीर्ति संरक्षण कोषया उपाध्यक्ष चमेली गुरुमां, धर्मकीर्ति विहारया सम्वन्धन् प्राप्त विहारया प्रमुख गुरुमांपिं, धर्मकीर्ति विहार संरक्षण कोषया विभिन्न इकाइत, धर्मकीर्ति ज्ञानमाला भजनया दुजःपिं लगायत दिवंगत जुजुभाई शाक्यया श्रीमती व काय् पाखें नं दिवंगत जुजुभाईया तस्विरय् श्रद्धाञ्जली देछाय्गु ज्या सम्पन्न याःगु खः ।

## मैत्री केन्द्र बाल आश्रमको १३ औं वार्षिक उत्सव

H.E. Ambassador of Sri Lanka W. M. Senevirathne ज्यूको प्रमुख आतिथ्यमा ध्यानकुटी मैत्री केन्द्र बाल आश्रम (मेत्ता सेन्टर) का संरक्षक एवं नेपालका संघनायक श्रद्धेय भिक्षु अश्वघोष महास्थविरज्यूको सभापतित्वमा १३ औं वार्षिक उत्सव सम्पन्न भयो ।



Downloaded from http://www.dhamma.digital

## धर्म गर्नेहरू मध्ये सबै स्वर्ग जाँदैनन्

*२०७० भाद्र १ गते*

यसदिन श्रद्धेय संघनायक भिक्षु अश्वघोष महास्थविरले धर्म गर्नेहरू मध्ये सबै व्यक्ति स्वर्गनै जान्छन् भन्ने कुनै निश्चय छैन भन्ने विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो–

“धर्म गर्ने व्यक्तिहरू मध्ये सबै स्वर्ग नै जान्छन् भन्ने कुनै निश्चय छैन । उनीहरूको नियत राम्रो छैन भने उक्त नराम्रो नियतले नर्कको द्वार खोलिदिनसक्छ । त्यसरी नै पाप गर्ने व्यक्तिहरू मध्ये सबै व्यक्ति नर्कमानै जान्छन् भन्ने पनि कुनै निश्चय छैन । यदि उनीहरूको चरित्र र नियत राम्रो हुन्छ भने उक्त राम्रो नियतको कारणले स्वर्गको द्वार खोल्ने जिम्मा लिएको हुन्छ ।

उदाहरणकोलागि कपिलवस्तुका सरकानि शाक्य नाम गरेको एक जँडयाहा र जुवाडे व्यक्तिको कारणले अरुलाई ज्यादै दुःख र असुविधा भइरहेको थियो । प्रतिस्थित व्यक्ति भएको कारणले कसैले पनि उसको विरोधमा बोल्ने हिम्मत गर्दैनथे । एकदिन भगवान् बुद्ध कपिलवस्तु आउनु हुँदा शाक्यहरूको एक समूह बुद्ध समक्ष गई सरकानीलाई बोध गराइदिन हुन अनुरोध गरे । यो कुरो सुनी भगवान् बुद्धले भन्नुभयो–

“त्यो व्यक्ति कथा सुनेर बोध हुने खालको होइन । त्यसैले उसलाई कसैले पनि नबोलीकन सामूहिक वहिष्कार गरिदिनु ।”

यसरी भगवान् बुद्धले सामूहिक बहिष्कार गर्ने आदेश दिनुभएको कुरा थाहा पाएपछि सरकानी शाक्यलाई ज्यादै पश्चाताप महशूस भएछ । त्यसैले उ भगवान् बुद्ध समक्ष पुगी आफ्नो गलती र बेहोसी कार्य प्रति क्षमा याचना गर्दै आफ्नो गलती महशूस गरे । फलस्वरुप उसले आफ्नो कमी कमजोरीलाई चिनी त्यसलाई हटाउन सफल भए । बुद्ध शिक्षा श्रवण गरी त्यसलाई अभ्यास गर्दै स्रोतापन्न भए । अकस्मात् सरकानिको देहावसान भएछ । श्रोतापन्न हुन सकेको कारणले उ नर्कमा जान परेन । त्यसैले समयमै आफ्नो गलती महसूस गरी चित्तलाई पाप कार्यबाट टाढा राख्न सक्ने व्यक्तिले (पञ्च महापाप बाहेक) अन्य पापकर्मको फललाई अहोसी कर्मको रुपमा पन्छाउन सकिने रहेछ ।

यसरी नै अंगुलिमालको साथीहरूको षड्यन्त्र र उसको गुरुको मिथ्यादृष्टिको कारणले गर्दा अंगुलिमाल आज्ञाकारी शिष्यबाट खतरनाक हत्यारा बन्न पुग्यो । एकदिन ऊ भगवान् बुद्ध समक्ष पुगी उहाँको शिक्षा धारण गरी बोध भयो । फलस्वरुप ऊ भिक्षु बन्यो । बुद्ध शिक्षालाई अभ्यास गर्दागर्दै एकदिन निक्लेशी अर्हन्त बन्न सफल भए ।

हजारौं मानिस हत्या गर्ने हत्यारा बनिसकेको अंगुलिमालले त्यही जन्ममा अलि अलि मात्र विपाक कर्म भोगेर आफ्नो जीवनलाई सार्थक बनाउन सफल भए । अर्हन्त बन्न सकेको कारणले फेरि जन्म लिन नपर्ने भाग्यमानी व्यक्ति बन्न पुगें ।

## महापरित्राण पाठ र धर्मकीर्ति ज्ञानमाला भजन प्रस्तुत

*२०७० भाद्र २९ गते, शुक्रवार, अष्टमी*

दि. बुबा संखनारायण र दि. माता दिलमाया महर्जनको पूण्य स्मृतिमा पुष्परत्न महर्जन, ज्ञानी महर्जन सपरिवारले भिक्षु महासंघका तर्फबाट महापरित्राण पाठ कार्यक्रम आयोजना गर्नुभएको थियो । उक्त कार्यक्रममा धर्मकीर्ति ज्ञानमाला भजनले भजन प्रस्तुत गर्नुभएको थियो । दाता पुष्प महर्जन परिवारले धर्मकीर्ति ज्ञानमाला भजनलाई रु. २०००/– चन्दा प्रदान गर्नुभएको थियो भने धर्मकीर्ति ज्ञानमाला भजनले दाता परिवारलाई धर्मचैत्य सम्भनाको चिनो प्रदान गर्नुभएको थियो ।

## बिचाः हायेकेगु ज्याज्वः क्वचाल

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*

ने.सं. ११३३ गुंलागा दुतिया (२०७० भाद्र २२ गते, शनिवाः) खुन्हु धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनया संस्थापक उपाध्यक्ष भाजु जुजुभाई शाक्य दिवंगत जूगुलिं वयकःया गुणयात लुमंकाः वयकःया छ्यैं क्वाःबहाः थँहिटी विचाः हायेकेगु ज्या जुल ।

दिवंगत भाजु जुजु भाई शाक्यया छेँजःपिन्त बिचाः हायेकेगु भ्वलय् धर्मकीर्ति विहार संरक्षण कोषया सचिव मिना तुलाधरं शोक पत्र ब्वनाः न्यंकादील । व शोकपत्र वयकःया जहानपिं हिरादेवी शाक्य व पद्मदेवी शाक्ययात लःल्हानादिल ।

धर्मकीर्ति ज्ञानमाला भजनया कोषाध्यक्ष भाजु श्याममान वज्राचार्य नं वयकःयागु गुणानुस्मरण यासे थःगु नुगः खँ प्वंकादिल ।

वयकःया काय् भाजु शुशिल शाक्यं बिचाः हायेक्यत भ्पापिं सकसितं सुभाय् देछानादिल ।



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति ज्ञानमालाया उपाध्यक्ष जुजुभाई शाक्य ज्ञीगु न्ह्योने मन्त




*धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनया पदाधिकारीपिं ब्यानर ज्वँसे श्रद्धाञ्जली प्वंकाच्वंगु*

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*

*ने.सं. ११३३ गुंलाथ्व द्वादशी (२०७० भाद्र १७ गते, सोमवा)* खुन्हु झी अतिकं हनेबहःम्ह धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनया संस्थापक उपाध्यक्ष भाजु जुजुभाई शाक्य निदान हस्पिटलय् दिवंगत जुयादिल ।

धर्मकीर्ति विहार धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः परिवार सकलें मर्माहत जुसें वयकःप्रति निर्वाणया आशिका यानागु जुल ।

वय्कःयागु गुण झीसं गबलेनं ल्वमंके फैमखु । वयकःयागु भजनप्रति दुगु आस्था श्रद्धायात न्ह्याबलें च्वछाया च्वनेगु जुई ।

वयकः भौतिक रुपं जक झी सकसितं त्वताः वंगु खः आत्मिय रुपं झी ज्ञानमाला भजनयात न्ह्यावलें दुबलेथें हःपाः बियाःच्वंगु तायकाच्वनेगुहे जुइ ।

गुबलेतक धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन दयाच्वनी अबलेतक्क जुजुभाई शाक्य हार्मोनियमनापं दयाहे च्वनी, खना हे च्वनी गवलेनं लुकुंविना वनिमखु थ्व धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलःया दुनुगले स्वचाना हे च्वनी धैगु भापिया च्वने ।

वयकःनं संस्थापक उपाध्यक्ष जुयाः उलाब्यूगु धर्मकीर्ति ज्ञानमाला भजन न्हापा गथे न्ह्यानाच्वंगु खः अथेहे न्ह्यानाच्वनी दिपाः काइमखु ।

*ने.सं. ११३३ गुंलाथ्व चतुदर्शी (२०७० भाद्र १९ गते, बुधवार)* कुन्हु धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनया संस्थापक उपाध्यक्ष जुजुभाई शाक्ययात पञ्चतत्वय् मिलेजुइ न्ह्यो नापलायगु ज्या जुल । उगु नुगः हीगु ज्याभ्वलय् धर्मकीर्ति विहार संरक्षण कोषया पदाधिकारीपिं, धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनया पदाधिकारीपिं नापं सकल जःपिं, धर्मकीर्ति विहार इकाइ व विहार परिवारपिं वयकःयागु छेँ क्वाःबहालय् वनाः वयकःया जीवनया दकलय् लिपांगु इलय् नापलानाः दर्शन याय्गु ज्या लिसें दुनुगःयाः मिखां ख्वबि धाः हाय्काः बिदा काय्गु ज्या जुल । अथवा श्रद्धाञ्जली देछाःगु जुल ।

अनं लिपा शंखमुल आर्यघाट्य् धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनया पदाधिकारीपिंसं शोकया ब्यानरं फाय्काः स्वाँ देछासे हियूगु नुगलं प्याःगु मिखां हाकनं छक्वः अन्तिम दर्शन याःगु जुल ।

ज्ञानमाला भजन प्रति वय्कःयागु देन, गुण, सः न्ह्यावलें गुंजायमान जुयाः थ्वयाहे च्वनी धैगु मनंतुना च्वंगु दु ।

भजन खलः सकसिनं आत्मियता कथं अति गौरवपूर्वक वयकःयात निर्वाणया आशिकायासें दिपय् तक्क अनिच्चावत संखारा ब्वनाः ब्यानर ज्वनाः अन्तिम दर्शन यासें बिदा काःगु जुल ।





Downloaded from http://www.dhamma.digital

धर्म प्रचार — समाचार

## दान गरेको आँखाको सफल प्रत्यारोपण

दिवंगत हुनुभएका तीनजना व्यक्तिहरूको आँखा दानगरी त्यसको सफल प्रत्यारोपण भएको समाचार प्राप्त भएको छ। नगदेश बुद्ध विहारका उपासिका, मध्यपुर थिमि नगर-६, बहाःननी टोल, नगदेश निवासी कृष्णमाया टको २०७० भाद्र १९ गते राती ७८ वर्षको उमेरमा देहावसान भए पश्चात् उहाँको परिवारजनको सहमतिमा उहाँका दुवै आँखा तिलगङ्गा आँखा केन्द्रका सहयोगी शंख नारायण त्वायना हस्ते तिल गङ्गा आँखा केन्द्रलाई दान गरिएको समाचार प्राप्त भएको छ।

दान गरेका आँखा मध्ये एउटा आँखा काठमाडौं सामाखुसी निवासी ४५ वर्षिय महर्जन थरका व्यक्तिलाई प्रत्यारोपण गरिएको छ भने अर्को आँखा काभ्रे चण्डी गा.वि.स. निवासी ५२ वर्षिय "दाहाल" थरकी प्रौढ महिलालाई सफल प्रत्यारोपण गरिएको कुरा बुझिन आएको छ भनी प्राप्त समाचारमा उल्लेख गरिएको छ।

नगदेश बुद्ध विहारले दिवंगत उपासिका तकोको सद् गति कामना गरिएको कुरा समाचारमा प्रष्टयाइएको छ।

त्यस्तै मध्यपुर थिमि नगरपालिका-६ बहाःननी टोल निवासी ४३ वर्षीय उपासक सिद्धि बहादुर होनाको आफ्नो कालगतिले गत २०७० भाद्र २१ गते, शुक्रवार देहावसान भएपछि तिलगङ्गा आँखा केन्द्रका सहयोगी कल्याण मित्र श्री शँख नारायण त्वाय्ना हस्ते परिवारजनको सहमतिमा दुवै आँखा दान गरियो। यसर्थ मृत्युपर्यन्त दान गरेको दान उपपार मिता जस्ता पूण्यानुभावद्वारा मृतक होनाको सद्गति र निर्वाण कामना यस समूहले गरेको छ। साथै शोकको घडीमा मृतकका परिवारजनले धैर्यधारण गर्न सकोस् भनी हार्दिक कामना समेतको यस समूहले याचना गरेको छ।

मृतक होनाको दान गरेको आँखा मध्ये एउटा आँखा बुटवल न.पा. वडा नं. ५ निवासी ५१ वर्षीय "अग्रवाल" थरकी प्रौढ महिलालाई सफल प्रत्यारोपण गरेको छ भने अर्को आँखा मित्रराष्ट्र भारतका मोतिहारी निवासी २६ वर्षीय "मण्डल" थरका युवकलाई सफल प्रत्यारो पण गरेको बुझिन आएको छ। अतः यस्तो पवित्र दानानुभावद्वारा मृतक होनाको सद्गति र निर्वाण पुनः कामना गर्दछ।

एवं प्रकारले, तत्कालिन नगदेश गा.पं.-२ का वडाध्यक्ष, समाजसेवी, श्री काजिनरसिं धुँमन गते २०७० भाद्र २४ गते, सोमवार ५९ वर्षको उमेरमा देहावसान भएपछि परिवारको सहमतिमा तिलगङ्गा आँखा केन्द्रका सहयोगी कल्याण मित्रद्वय श्री शँख नारायण त्वाय्ना र भोला थापा हस्ते दुवै आँखा दान गरी दान उपपारमिता जस्ता पूण्यमयी कार्य सम्पन्न गरियो। यस समूहले सो दानानुभावद्वारा मृतक वडाध्यक्ष धुँमनको सद्गति र निर्वाण कामना गरेको छ र यस शोकाकूल घडीमा वहाँको परिवार जनले धैर्य धारण गर्न सकोस् भनी हार्दिक कामना प्रकट गरेको छ। यसरी दान गरेको आँखा मध्ये एउटा आँखा काठमाडौं जिल्ला नाङ्गलेभारे निवासी ५५ वर्षीय "महर्जन" थरका प्रौढ व्यक्तित्वलाई सफल प्रत्यारोपण गरेको छ भने अर्को आँखा नुवाकोट निवासी १४ वर्षीय "सापकोटा" थरका बालकलाई सफल प्रत्यारोपण गरेको बुझिन आएको छ।

## पुस्तक विमोचन

गत २०७० श्रावण २६ गते शनिवारका दिन शाक्यसिंह विहार, थैना, ललितपुरमा अग्गमहापण्डित, अग्गमहासद्धम्मजोतिकधज, संघ उपनायक श्रद्धेय भदन्त डा. भिक्षु ज्ञानपूर्णिकको प्रमुख आतिथ्य र विमोचकत्वमा श्री दोलेन्द्ररत्न शाक्यद्वारा लिखित निर्वाणगामी बनाउन सघाउने बुद्ध-शिक्षाका पठनीय पाठ्यांशहरू सम्मिलित पुस्तक "जीवनमा सद्धर्मको भूमिका"को विमोचन समारोह सुसम्पन्न भयो।

पुस्तकको विमोचन गर्नुहुँदै श्रद्धेय डा. ज्ञानपूर्णिक भन्तेज्यूले उक्त पुस्तकको महत्वको खुलेर प्रशंसा गर्नुभई सबैले पढ्नैपर्ने पुस्तक हो भनेर भन्नुभयो। लेखक दोलेन्द्रर त्न शाक्यले धर्मलाई जानेर बुझेर मात्र मान्नुपर्छ। यसले मात्र हामीलाई निर्वाण मार्गमा दोऱ्याउँछ भन्नुभयो। "शुक्रवारीय धर्म-चर्या कार्यक्रम" का जम्मा २९ जनाको सहभागी समूहले उक्त पुस्तकको प्रकाशन गर्नुभएको थियो। प्रकाशकहरूको तर्फबाट श्री विनय धाख्वाले विगत ४ वर्षदेखि लेखकको आफ्नै निवासमा सञ्चालित "शनिवारिय धर्म-चर्चा कार्यक्रम"मा सिकेका कुराहरू तथा अन्य उपयोगी पाठ्यांशहरू समेत गाभेर लेखकज्युले हाम्रो अनुरोधमा उक्त पुस्तक तयार गर्नुभएको कुरा बताउनुभयो।

उक्त समारोह धर्मोदय सभाका महासचिव श्री रत्नमान शाक्यको सभापतित्वमा सम्पन्न भएको थियो। उपस्थित आमन्त्रित अतिथीगणलाई श्री गम्भीर शाक्यले स्वागत गर्नुभएको थियो भने श्री सरस्वती महर्जनले धन्यवाद ज्ञापन गर्नुभएको थियो।



Downloaded from http://www.dhamma.digital

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



***जन्म :***
**२००५ कार्तिक २ गते, सोमवार**

***दिवंगत :***
**२०७० भाद्र १७ गते, सोमवार**

# दिवंगत जुजुभाई शाक्य

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य **जुजुभाई शाक्य** ६५ वर्षको उमेरमा दिवंगत हुनुभयो। धार्मिक क्षेत्रमा उहाँले पुऱ्याउनु भएको योगदान उहाँको सुगति एवं निर्वाण प्राप्तार्थ हेतु बनोस् भन्ने कामना रहेको छ।

**धर्मकीर्ति पत्रिका परिवार**
धर्मकीर्ति विहार

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



***बुन्हि :***
**२००७ साल असार चतुर्दशी**

***मदुगु न्हि :***
**२०६९ आश्विन १८ गते**

# दि. कृष्णमान शाक्य

जिमि तता अञ्जली शाक्यया जहान, जिमि जिचादाजु **कृष्णमान शाक्य** आका भ्काकां दिवंगत जुया बिज्यात। वसपोल सुखावति भूवने वास लाय्मा धकाः कामना यानाच्वना।

सस:किजा- **महेश चन्द्र शाक्य** – भौः **एरिका शाक्य**
सस:भिंचापिं- **एमन शाक्य, एजन शाक्य**



Downloaded from http://www.dhamma.digital

## धम्मवती गुरुमांया हनाज्याज्वः

*२०७० आश्विन १३ गते, शनिवार* खुन्हु नेवाः जागरण मञ्चं भिक्षुणी धम्मवतीयात हनेगु ज्याभ्वः खनाः जितः तसकं लय्‌ता वल ।

बुद्धशिक्षाया लागि १४ वर्षया उमेरय् राणाकालय् मिसातसें आखः ब्वनेगुलीं वञ्चितगु इलय्‌नं छें जःयागु पूवंगु अनुमति मदयेकनं प्रव्रजित जुइगु मन क्वसाःगु धइगुला तःधंगु साहस खः । उकिं हे जुइ गुरुमांयागु साहस खनाः बर्माया विद्वान प्राध्यापक भिक्षु सुर्याभिवंशं नेपाल पुत्री धइगु नामं सफू च्वया बिज्याःगु जुइ ।

वि.सं. २०२० सालय् १४ वर्ष बुद्धशिक्षा अध्ययन यानाः मांगुण गुरुमां नापं नेपालय् लिहां बिज्यात । गुगु इलय् नेपालय् प्रचलित धर्मया नामं च्वइके वनेगु, धलं दनेगु धर्म भाःपा च्वंपिं गृहस्थ मिसापिंत आखःग्वः निसें स्यनाः ज्ञानयागु सफू ब्वने सयेके बिइगु उलि जक मखु थःम्हेसिया विभिन्न ज्ञान मार्ग हे धर्म धकाः थ्वीका बिज्यात । छैंखा पतिं थजाःगु हिउपाः हये फुगु गुरुमांयागु वाक्‌सिद्धि व धैर्यतायात कदर याये बहःजू । उलि जक मखु गां गामय् बिज्यानाः थाय् थासय् विहार दयेकाः अनया मनूतय्‌त शुद्धधर्म थ्वीका बिज्यात । थथे न्हूगु आयाम हयाः द्वलंद्वो मनूतय्‌त सत्यगु धर्मया लँपु क्यना बिज्यात ।

मचाबलय् क्यातुगु दिमागय् बुद्धशिक्षा बियातःसा ध्वाथुई धकाः चिकुलाबलय् बिदाया इलय् नं सुथय् सुथय् मचातय्‌त आखः ब्वंकेगु नापं बुद्धशिक्षा बिया बिज्यात । झीगु नेवाः समाजय् मिसा मस्तय्‌त बाञ्हाः तयेगु, बाञ्हाः तया धकाः झिंनिन्हु तक्क कोथा छकुतिइ कुनाः निभाःया किरण मक्यंसे म्हितका तइगु चलनयात मिसा मस्तय्‌त अल्पकालिन ऋषिणी व मिजं मस्तय्‌त अल्पकालिन श्रामणेर यानाः छुं बुद्धशिक्षा बिइगु न्हूगु आयाम हया बिज्यात । गुकिं यानाः आपाःहे मनूत प्रभावित जुल ।

उन्याथुन्या मसिइगु युवा इलय् इमित बुद्धशिक्षा स्यनेत धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी थें जाःगु संस्था नीस्वनाः युवापिढीपिंत न्हूगु बुद्धशिक्षाया आयाम हया बिज्यात ।

थथे धम्मवती गुरुमां दशबल ज्ञानया ठाना ठान कुशल ञाण (ज्ञान) सम्पन्नम्ह गुरुमां थाय् स्वयाः, मनूतय्‌गु पहः स्वयाः, ई स्वयाः धर्मया खँ कनाः बिज्याइगु । थ्व हे गुरुमांयागु व्यक्तित्त्व खः । थ्व हे गुरुमांया दूरदर्शी ज्ञान खः ।

थज्याःगु व्यक्तित्त्व दुम्ह दूरदर्शीम्ह गुरुमांया त्याग, तपस्याया कदर यासें थपाय्‌जिगु हना ज्याभ्वः यानादीम्ह नेवाः जागरण मञ्चयात दुनुगलंनिसें धन्यवाद बिया च्वना ।

*प्रस्तुती- **दीना कंसाकार (बनिया)***

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) British Nun Dhammadinna, Sri Lanka, Rs.10,000/–
२) पुण्य संचय कोष पाटनबाट बालिकाहरुलाइ तथा वृद्धवृद्धाहरूलाई भोजन प्रदान तथा रु. २६००/– चन्दा प्रदान
३) दमन शाक्य, नघल, स्व. बुबा मोहन बहादुर शाक्य, आमा नानी शोभा शाक्यको पुण्यस्मृतिमा बालिकाहरूलाई भोजनको लागि रु. २५०५/–
४) बिकाश चन्द्र शाक्य, बनेपा, स्व. दिलमाया शाक्य को पुण्यस्मृतिमा रु. २०००/–
५) अनगारिका वीर्यपारमी पुचः चापागाउँ, भन्तेहरू तथा बालिकाहरूलाई भोजन प्रदान तथा रु. १५००/– चन्दा प्रदान
६) धर्म हेरा तुलाधर, स्व. बुबा जोगरत्न सिन्दुरकार को पुण्यस्मृतिमा रु. १५००/– चन्दा प्रदान
७) प्रकाश वीरसिं तुलाधर, लाजिम्पाट रु. १५००/–
८) पूर्णशोभा तुलाधर, कमलादी, काठमाडौं रु. १०००/–
९) साहित्य रत्न तुलाधर, पूर्णशोभा तुलाधर, कमलादी, काठमाडौं रु. १०००/–
१०) केशचन्द्र शाक्य, बनेपा, रु. १०००/–
११) गौरी संकर मानन्धर, बनेपा, रु. १०००/–
१२) मन्दिरा ताम्राकार मरू, स्व. कुल रत्न ताम्राकारको पुण्यस्मृतिमा भन्तेहरू तथा बालिकाहरूलाइ भोजन प्रदान
१३) भाग्य शोभा तुलाधर, तुँछेगल्ली, स्व. चन्द्रमुनि तुलाधरको पुण्यस्मृतिमा भन्तेहरू तथा बालिकाहरूलाई भोजन प्रदान
१४) हरिमान रञ्जित रु. १०००/–
१५) कृष्णमानको नाममा अञ्जली शाक्य रु. ५०००/–

**❀ आजीवन वार्षिक भोजन प्रदान गर्ने दाताहरू :**

१६) तय्‌जु नकर्मी, कमलादी, काठमाडौं (स्व. माता अण्णपूर्ण नकर्मीको पुण्यस्मृतिमा) रु. १५,०००/–
१७) सोमन स्थापित, फसिकेब, काठमाडौं स्व. बुबा लक्ष्मन तुलाधर, आमा हिराशोभा तुलाधरको पुण्यस्मृतिमा रु. १५,१११/–
१८) अरनिको साकोस, बनेपा, रु. १५०००/–



Downloaded from http://www.dhamma.digital

## अन्तरक्रिया कार्यक्रम सम्पन्न

*२०७० आश्विन ६ गते, आइतवार ।*
*स्थान- आनन्दकुटी विहार, स्वयम्भू ।*

यसदिन आनन्दकुटी विहार, स्वयम्भूमा "नेपालमा थेरवादको भविष्यमा भिक्षु अनागारिकाहरूको भूमिका र चुनौति" विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

भिक्षु धर्ममूर्तिले स्वागत मन्तव्य व्यक्त गर्नुभएपछि भिक्षु राहुल, भिक्षु बोधिज्ञान, भिक्षु तपस्सी धम्म, भिक्षु संघरक्षित, भिक्षु पञ्ञारत्न, भिक्षु पञ्ञासार, भिक्षु उपतिस्स, भिक्षु सरणंकर आदि गरी जम्मा १० जना भिक्षुहरूले मन्तव्य व्यक्त गर्नुभएका थिए ।

यसरी नै अनोजा गुरुमां, पञ्ञावती गुरुमां, कुसुम गुरुमां, अग्गञाणी गुरुमां र धरणी गुरुमांले पनि आ-आफ्ना मन्तव्य व्यक्त गर्नुभएका थिए ।

नेपालमा बुद्ध शासन उत्थानकार्यमा भिक्षु भिक्षुणीहरू बीच चुनौति र अवसर दुवै रहेको र नेपालमा थेरवादको उन्नति र विकासको लागि हातेमालो गरी अगाडि बढ्नुपर्ने जस्ता समसामयिक विषयमा भएको यस अन्तरक्रिया कार्यक्रममा भिक्षु कौण्डञ्यले समिक्षकको भूमिका निभाउनु भएको थियो भने पूज्य भिक्षु ज्ञानपूर्णिक महास्थविरले ओवाद उपदेश दिनु भएको थियो । भिक्षु पियदस्सीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

## योग र विपश्यना

*२०७० भाद्र २२ गते, शनिवार*
*प्रवक्ता- श्यामलाल चित्रकार । प्रस्तुती- राजभाई तुलाधर*

आजकल योग भन्नाले साधारणतया शरीर तन्दुरुस्त पार्न गरिने विभिन्न आसनहरूलाई बुझ्ने गरिन्छ । शारीरिक ब्यायामको रुपमा लिने गरिन्छ। तर पूर्वीय दर्शन अनुसार योग शारीरिक व्यायाम मात्रै नभएर आध्यात्मिक उत्थान गर्ने माध्यम पनि हो । यसबाट मुक्तिसम्म प्राप्त गर्न सकिन्छ भन्ने विश्वास लिइन्छ। योगको एउटा अर्थ जोड्ने पनि हो । हिन्दूधर्म अनुसार योगबाट आत्मा र परमात्माको मिलन हुन्छ । मनलाई एउटा आलम्वनमा जोडि राख्ने साधनालाई पनि योग भन्न सकिन्छ ।

गीतामा कर्मयोग, भक्तियोग र ज्ञानयोगको उल्लेख गरिएको छ । यी तीनवटै योगबाट मुक्ति प्राप्त गर्न सकिन्छ भन्ने विश्वास गरिन्छ । महर्षि पतञ्जलीले २०० बी.सी.तिर व्यवस्थित रुपमा योगसूत्रको निर्माण गरेका थिए। यसम दशबाऱ्हवटा जति सूत्र पछि थपिएको हुनसक्ने हाल गरिएको अनुसन्धानबाट देखिन्छ। छ वटा पूर्वीय दर्शन सांख्य दर्शनमा प्रकृति र पुरुषको मात्रै उल्लेख पाइन्छ। यसबाट देखिन्छ कि ईश्वरको परिकल्पना पछि मात्रै गरिएको हो । सांख्या दर्शन र पतञ्जली योगसूत्र एक अर्काको परिपूरकको रुपमा छन् ।

सिद्धार्थ गौतमले गृहत्याग गरेपछि आलारकालाम र उद्दकरामपुत्र जस्ता गुरुहरूबाट सातौं र आठौं ध्यानहरू सिक्नुभएको थियो जुन योगमा नै आधारित थिए । तर ती ध्यानहरूबाट वहाँले नितान्त विमुक्त अवस्था प्राप्त गर्नसक्नु भएन । त्यसपछि वहाँले छ वर्षसम्म कठोर तप गर्नुभयो जुन हठयोगसँग तुलना गर्न सकिन्छ । त्यो तपस्याले पनि ज्ञान प्राप्त नभएर पछि विपश्यना ध्यानको खोजी गरी त्यसैबाट बुद्धत्व प्राप्त गर्नुभयो । बुद्धले समाधिको लागि सिकाउनु भएको आनापान र योगमा सिकाइने प्राणायाम दुवैमा श्वासप्रस्वासको प्रयोग गरिन्छ । तर दुवैको तरिका फरक छ । आनापानमा सहज स्वाभाविक स्वासलाई हेर्न सिकाइन्छ भने प्राणायाममा विभिन्न तरिकाले स्वासलाई नियन्त्रण गर्ने विधि सिकाइन्छ ।

योगमा अष्टांग योगलाई विशेष महत्व दिइएको छ। यसमा उल्लेखित कुराहरू शील, समाधि, प्रज्ञा अथवा आर्य अष्टाङ्गिक मार्गसंग तुलना गर्न सकिन्छ । अष्टाङ्ग योगमा पाँचवटा बाहिरी अङ्ग र तीनवटा भित्री अङ्ग छन्। यम, नियम, आसन, प्राणायाम र प्रात्याहार बाहिरी अङ्ग हुन् भने धारणा, ध्यान र समाधि भित्रि अङ्ग हुन्। यिनीहरूमा वर्णित धेरै जसो कुराहरू बुद्धशिक्षासँग मिल्ने खालका छन् । जस्तै यम अन्तर्गत अहिंसा, सत्य, ब्रह्मचर्य, अस्तेय, अपरिगृहछन् जुन पञ्चशीलसंग समानता राख्छ।

योग र विपश्यनाको धेरै कुराहरूमा समानता भए पनि दुःखबाट पूर्णतया छुटकारा पाउन अथवा निर्वाण प्राप्त गर्न योगले मात्र सम्भव नभएर नै भगवान् बुद्धले विपश्यनाको खोजी गर्नु भएको हो। महासतिपट्ठान सूत्रमा दुःखबाट स्थायी मुक्तिको लागि चारवटा स्मृतिप्रस्थान भावनालाई एकमात्र मार्ग भन्नु भएको छ। त्यसैले यदि कसैले योगबाट नै मुक्ति प्राप्त गर्छ भने उसले विपश्यना भन्ने शब्द प्रयोग नगरे पनि विधि चाहिं विपश्यनाकै अपनाएर मुक्ति प्राप्त गरेको हुनुपर्छ ।



Downloaded from http://www.dhamma.digital

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



*बुन्हि :*
**२००७ साल**
**असार चतुर्दशी**

*मदुगु न्हि :*
**२०६९ आश्विन १८ गते**

# दि. कृष्णमान शाक्य

अति गुणं सम्पन्नम्ह, दया व करुणा दुम्ह, ज्ञानीम्ह जिमि श्रीमान् **कृष्णमान शाक्य** आका भकां दिवंगत जुया बिज्यात । वसपोल न्ह्याथाय् जन्म का:सां दु:खकष्ट मदुम्ह जुइमा । आ:थेन्तुं बुद्धं क्यना बिज्या:गु लँपुई लाय्मा धका: प्रार्थना यानापिं:

**श्रीमती अञ्जली शाक्य**
**काय् रियाज शाक्य**
**म्ह्याय् जिनी शाक्य**
**जिजाभाजु मनोजसिंह**
**छ्य् विक्रमादित्य सिंह**

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | फ्याक्स: ४४३३९२९ | newnepalpress@gmail.com
सम्पर्क कार्यालय: शुक्रपथ, काठमाडौं | फोन: ४२५९०३२, ४२५९४५० | फ्याक्स: (९७७-१) ४२६४७३७ | email: newnepalpress011@gmail.com

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**




नेवाः जागरण मञ्चको तर्फबाट सुजीव वज्राचार्य र हाना सिंगरले चढाउनु भएको सम्मानपत्र स्वीकार गर्नुहुँदै भिक्षुणी धम्मवती

वर्ष–३१; अङ्क–६

बु.सं. २५५७, कतिं पुन्हि

Downloaded from http://www.dhamma.digital

*धम्मवती गुरुमांयात नेवाः जागरण मञ्चं लःल्हाःगु हनापती उल्लेख जुयाच्वंगु खँग्वः थुकथं खः*

**॥ नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ॥**

**नेवाः जागरण मञ्च**

# हना-पौ

हनेबहःम्ह सासनधज धम्माचरिय, अग्गमहागन्थवाचक पण्डित भिक्षुणी धम्मवती गुरुमां, सादर वन्दना ।

मनू मात्रयात जरा, व्याधि, मरण आदि दुःखं मुक्त जुइगु निर्वाण मार्ग कना बिज्याःम्ह महामानव गौतम बुद्धया शिक्षा व सदुपदेशयात सरस व सरल भाषं कना बिज्यानाः जनसमुदाययात कृतकृत्य यानाबिज्याःम्ह सकसियां अतिकं हनेबहःम्ह भो धम्मवती गुरुमां ।

छःपिसं अतिकं दुःखकष्ट सियाः अनेक बाधा व्यवधान पंगलः पार यानाः बर्मा देश थ्यंकः बिज्यानाः बुद्ध शिक्षा प्राप्त याना बिज्याःगुया प्रतिफल कथं थौं नेपाःया आपालं आपाः बौद्धजन व बुद्धधर्म प्रेमी जनतां उगु शिक्षा कयाः धन्य धन्य जूगु खँ निभाः जः थें तुं थिना हे च्वंगु दु ।

नेवाः बौद्ध कूलय् जन्म जुयाबिज्याःम्ह छःपिसं नेवाः गृहस्थिपिन्त अनागारिका, उपासक, उपासिका दयेकाः नेपालय् बुद्ध शासनयात थीर याय्त ज्वःमदुगु व युगानुकुल योगदान बियाबिज्याःगु दु । छःपिं नेवाः बौद्ध जगतया हे जहाँ थीगु तिमिला खः ।

थौं छःपिं भिक्षुणी धम्मवती गुरुमांयात हनेगु जिमित सौभाग्य चूलाःगु तायेकाच्वन । नेवाः जागरण मञ्चया न्यादं बुदिंया लसताय् छःपिन्त हनेदयाः जिमिसं अतिकं हर्षानुभूति कयाच्वना ।

छलपोलया भिँ उसाँय्, ताः आयु व शासनिक ज्याय् उत्तरोत्तर प्रगतिया नं आशिका यानाच्वनागु जुल ।

| | |
|---|---|
| **हाना सिंगर** | **सुजीव वज्राचार्य** |
| *मू पाहाँ* | *नायः* |
| **यूनिसेफ, नेपाल प्रतिनिधि** | **नेवाः जागरण मञ्च** |

नेसं. ११३३ यंलागाः नवमि
(असोज १२) शनिवाः, २८ सेप्टेम्वर, २०१३
नेपाः ब्याङ्क्वेट, खुशिबुँ, यँ ।

Downloaded from http://www.dhamma.digital